# इलाम जिल्ला, शान्तिपुर गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्थामा बाधक तत्वहरु
# एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय
अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार पारिएको
शोध पत्र


प्रस्तुत
प्रेम विश्वकर्मा
रोल नं. ५७३/२०६७-०६८
सिम्बोल नं. २८३०७०/२०६८
टि.यु दर्ता नं. २०३७५-९५
समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

२०७३


इलाम जिल्ला, शान्तिपुर गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्थामा बाधक तत्वहरु - प्रेम विश्वकर्मा २०७३

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं**

# सिफारिश-पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा रहि प्रेम विश्वकर्माले **"इलाम जिल्ला, शान्तिपुर गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्थामा बाधक तत्वहरुः एक समाजशास्त्रीय अध्ययन"** शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः ........................

...............................

**डा. सुरेन्द्र मिश्र**

(शोध निर्देशक)

समाजशास्त्र केन्द्रिय, विभाग

विश्वविद्यालय क्याम्पस

कीर्तिपुर, काठमाडौ ।

## त्रिभुवन विश्वविद्यालय
### मानविकी तथा सामाजिक शास्त्र संकाय
### समाजशास्त्र केन्द्रिय विभाग
### विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं

## स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ती प्रेम विश्वकर्माद्वारा तयार पारिएको शोधपत्र **"इलाम जिल्ला, शान्तिपुर गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्थामा बाधक तत्वहरुः एक समाजशास्त्रीय अध्ययन"** स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृती प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.......................

विभागीय प्रमुख — प्रा. डा. तुल्सीराम पाण्डे

.........................

बाह्य निरीक्षक — डा. टिका गौतम

.........................

शोध निर्देशक — डा. सुरेन्द्र मिश्र

मितिः .......................

## कृतज्ञता ज्ञापन

यस अध्ययनलाई व्यवस्थित र स्तरीय ढङ्गगबाट अगाडी बढाउन, अनुसन्धानको गरिमाप्रति सधै सचेत रहेर कार्यक्षेत्रमा जुट्न र खोजसँग सरोकार रहेका तथ्याङ्कहरु संकलन गर्न तथा शोधपत्रको छविलाई कायम राख्न मेरा गुरु शोध निर्देशक डा. सुरेन्द्र मिश्रज्यूको प्रेरणामुलक मार्गदर्शनप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

समाजशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख डा. तुल्सीराम पाण्डेज्यूका साथै डा. टिकाराम गौतमज्यू एवं यस समाजशास्त्र केन्द्रीय विभागका मेरा सम्पूर्ण गुरु, गुरुआमा र विभाग परिवारलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार पार्ने अवस्थादेखि लेखनलाई अन्तिम रुप दिने समयसम्म विदेशी तथा स्वदेशी विद्धानहरुको प्रकाशित कृतिहरु अनुसन्धान प्रतिवेदन र विचारहरु अत्यन्त उपयोगी रहेका छन्, ती सबै विचार तथा सिद्धान्तका स्रष्टाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो शोधकार्यमा उत्तरदाताहरुको रुपमा मात्रै नभई उनीहरुको शैक्षिक स्थिति, शिक्षामा बाधक तत्वहरुको बारेमा यर्थाथ जानकारी दिई तथ्याङ्क संकलन गर्नमा सहज रुपमा सहयोग गर्ने यस शान्तिपुर गा.वि.स. वडा नं. ३, ४ र ७ सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु ।

विशेषतः मलाई बोलीफुटे पछि शिक्षाको उज्यालो मार्गतर्फ डोऱ्याउँदै त्रिभुवन विश्वविद्यालयको प्राङगणमा उभ्याउन अनेक समस्यासँग संर्घषरत मेरा बुबा आमा, दाजुभाइ, दिदीबहिनी एवम् श्रीमती एवम छोराछोरीहरु प्रति  म सदाको ऋणी छु । पढ्नका लागि सधै अभिप्ररित गर्ने मेरा मान्यजन, आफन्तहरु र मेरा सम्पूर्ण मित्रहरु एवं शुभ-चिन्तकज्यूहरुप्रति आभार व्यक्त गर्न चाहन्छु ।

प्रेम विश्वकर्मा

शान्तिपुर, इलाम

## विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **सिफारिसपत्र** | |
| **स्वकीकृतिपत्र** | |
| **कृतज्ञताज्ञापन** | |
| **विषयसूची** | |
| **तालिकासूची** | |
| **परिच्छेद एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३. अध्ययनको महत्व | ८ |
| १.४. अनुसन्धानको उद्देश्य | ८ |
| १.५. अध्ययनको संगठन | ९ |
| **अध्याय दुई : पूर्वअध्ययनको समिक्षा** | **१०-१४** |
| २.१. अध्ययनको ढाँचा | १४ |
| **अध्याय तीन : अनुसन्धान पद्धति** | **१५-१७** |
| ३.१ अध्ययन क्षेत्रको छनौट | १५ |
| ३.२ अनुसन्धानको ढाँचा | १५ |
| ३.३ तथ्यांकको प्रकृति र स्रोत | १५ |
| ३.४ नमुना छनौट विधि | १६ |
| ३.५ तथ्यांक संकलन विधि | १६ |
| ३.५.१ अन्तरवार्ता | १६ |
| ३.५.२ समूह छलफल | १७ |
| ३.६ तथ्यांकको वर्गीकरण तथा प्रस्तुतीकरण | १७ |
| ३.७ अध्ययनको सीमा | १७ |
| **अध्याय चार : महिलाहरुको शैक्षिक अवस्थामा बाधापार्ने तत्वहरुको विश्लेषण एवम प्रस्तुतिकरण** | **१८-४०** |
| ४.१ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था | १८ |
| ४.१.१ अध्ययन क्षेत्रको सामान्य परिचय | १८ |

४.१.२ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था १९
४.१.३ लिङ्गको आधारमा उत्तरदाताको परिवारको जनसंख्या विवरण १९
४.१.४ जातिगत अवस्थाका आधारमा उत्तरदाताको विवरण २०
४.१.५ उमेरको आधारमा उत्तरदाताको विवरण २१
४.१.६ उत्तरदाताको शैक्षिक अवस्था २२
४.१.७ वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको शैक्षिक विवरण २३
४.१.८ परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण २४
४.१.९ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण २५
४.१.१० शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरुको विवरण २६
४.२ अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था २७
४.२.१ जातीगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था २७
४.२.२ उमेर समुहको आधारमा उत्तरदाताको शैक्षिक अवस्था २९
४.२.३ वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था ३०
४.२.४ परिवारको किसिमका आधारमा उत्तरदाताको शैक्षिक अवस्था ३१
४.२.५ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण ३२
४.२.६ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा ३२
४.३ महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरु ३३
४.४ पारिवारिक पृष्ठभूमी ३३
४.५ कार्यबोझ ३४
४.६ आर्थिक अवस्था ३६
४.७ चेतनाको कमी ३७
४.८ विवाह ३८
४.९ महिला शिक्षाप्रति समाजको धारणा ३९
४.१० भौगोलिक आधार ४०
**अध्याय - पाँच : सारांश र निस्कर्ष ४१-४३**
५.१ सारांश ४१
५.२ निष्कर्ष ४२
**सन्दर्भ सामाग्री ४४-४५**
**पशिष्ट : अन्तरवार्ता प्रश्नावलीहरु ४६-४९**

# तालिका सूची

पृष्ठ संख्या


| | |
|---|---|
| तालिका नं. ४.१ उत्तरदाताहरुको परिवारको जनसांख्यिक विवरण | २० |
| तलिका नं. ४.२ जातिगत आधारमा उत्तरदाताको विवरण | २० |
| तालिका नं. ४.३ :उमेरको आधारमा उत्तरदाताको विवरण | २१ |
| तलिका नं. ४.४ : उत्तरदाताहरुको शैक्षिक स्थिति | २२ |
| तलिका नं. ४.५ : वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको शैक्षिक विवरण | २४ |
| तालिका नं. ४.६ : परिवारको प्रकारका आधारमा उत्तरदाताको शैक्षिक विवरण | २४ |
| तालिका नं.४.७ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण | २५ |
| तालिका नं. ४.८ : शिक्षाको किसिमको आधारमा उत्तरदाताका विवरण | २६ |
| तालिका नं. ४.९ : जातिगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था | २८ |
| तालिका नं. ४.१० : उमेरगत अधारमा उत्तरदाताको शैक्षिक स्थिति | २९ |
| तलिका नं. ४.११ : वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था | ३० |
| तलिका नं. ४.१२: परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण | ३१ |
| तालिका नं. ४.१३ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण | ३२ |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा मावन जीवनको अभिन्न पक्ष हो । शिक्षा शब्दले सिक्ने वा ज्ञानआर्जन गर्ने चाहनालाई व्यक्त गर्दछ । आजको युगमा शिक्षा भनेको मानव जातिको तेस्रो आँखा हो । शिक्षा विना व्यक्तिले मानव जीवनको गहिराईलाई बुझ्न सक्दैन । शिक्षाको कार्यको बारेमा समाजशास्त्री हर्वट स्पेन्सर (१९४९) भन्दछन् "मनुस्यलाई जीवन व्यतीत गर्नका लागि तयार गर्नु नै शिक्षाको कार्य हो ।"

समाजमा शिक्षाको कस्तो भूमिका हुने भन्ने सम्बन्धमा विभिन्न समाजशास्त्रीहरुले आ-आफ्नै किसिमको विचारधारा प्रस्तुत गरेका छन् । जसमा समाजशास्त्री दुर्खिम (१९२५) ले शिक्षाको सम्बन्धमा प्रकार्यवादी दृष्टिकोणबाट हेरेका छन् । उनका अनुसार शिक्षाले समाजको मुल्य र मान्यतामा परिवर्तन ल्याउनको लागि मुख्य कार्य गर्दछ । विद्यालयमा सिकाइने नियमको आधारमा बच्चाले साधारण नियमहरुको पालना गर्दै उसले आफूलाई अनुशासनमा राख्ने बानीको विकास गर्नुको साथै विद्यालयका अन्य सदस्यहरुसँग समेत घुलमिल हुँदै जान्छ र जसले समाजमा समेत अन्य सदस्यहरुसँग समाज कै नियम अनुरुप घुलमिल हुन सिक्दछ । त्यसैगरी शिक्षाले व्यक्तिको क्षमता र सीपको विकास गराई उसको भविष्यमा पेशाको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आजको जटिल औद्योगिक समाजमा विशिष्टिकृत श्रमशक्ति उत्पादनका लागि शिक्षा अनिवार्य मानिन्छ । शिक्षाले विशिष्टकृत श्रमशक्ति उत्पादन गरी अहिलेको आधुनिक समाजमा सामाजिक एकता कायम गर्नको लागि बलियो आधार तयार गर्दछ (हार्लेम्वोस, २०११) ।

त्यसैगरी अर्का प्रकार्यवादी विचार राख्ने समाजशास्त्री पारसोन्स (१९८३) ले पनि शिक्षाको समाजमा हुने भूमिकाको सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार विद्यालयमा दिइने शिक्षाले परिवार र समाजलाई जोड्ने बिचमा पुलको कार्य गर्दछ, जसले एउटा बच्चालाई उसको युवा अवस्थाको भूमिकाको लागि तयार गर्दछ । आधुनिक शिक्षा प्रणालीले प्रत्येक व्यक्तिलाई उसको भविष्यमा समाजप्रति कस्तो भूमिका रहने भन्ने कुरालाई जोड दिन्छ । परम्परागत समाजको जन्मको आधारमा पेशा निर्धारण हुने परम्परा रहे तापनि

हालको आधुनिक समाजमा जन्मको आधारमा पेशा छनौट गर्ने नभई औपचारिक शिक्षाको माध्यमद्वारा व्यक्तिलाई दक्ष बनाइ उसको क्षमता अनुरुप भविष्यमा कस्तो पेशा अपनाउने भन्ने विषयमा व्यक्तिगत रुपमा छनोटको अधिकार निर्धारण गर्दछ । औपचारिक शिक्षाले विद्यार्थीलाई जाँच तथा मूल्याङ्कन गरी विद्यार्थीको सीप, क्षमता र दक्षताको परीक्षण गरी आवश्यक र उपयुक्त रोजगार दिलाउने संयन्त्रको रुपमा कार्य गर्दछ (पारसोन्स, १९८३) ।

शिक्षाले मानिसको चेतना वृद्धि गर्न, सीप विकास गर्न, चिन्तन शक्ति बढाउन ज्ञानको विकास गर्न, धारणामा परिवर्तन गर्न, असल व्यवहारको विकास गर्न, समझदारी वृद्धि गर्न विशेष भूमिका खेल्दछ । हाम्रो समाज संस्कृति वातावरण व्यवस्था समयअनुसार परिवर्तन हुनुपर्दछ । शिक्षाले सामाजिक सांस्कृतिक परिवर्तनको संवाहकको भूमिका खेल्दछ । शिक्षा जीवनको तयारी पनि हो । जीवनका समस्या समाधान गर्ने र जीवनलाई गुणस्तरीय जीवनमा परिवर्तन गर्ने माध्यम पनि शिक्षा नै हो, शिक्षा ज्ञानको ज्योति विकासको मापदण्ड, कार्य कुशलताको परिचायक र उज्वल भविष्यको आधार हो । शिक्षा विना मानिसमा वौद्धिक तथा आन्तरिक गुणको विकास हुन सक्दैन । कुनै पनि परिवार, समाज तथा देश विकासमा शिक्षाको निकै ठूलो भूमिका रहन्छ (पन्त, २०७०) ।

मानव इतिहासको पाना पल्टाउँदै जाने हो भने इतिहासको लामो कालखण्डदेखि नै समाजमा महिलाहरूको स्थिति पुरुषको भन्दा कमजोर र निम्न आवस्थामा रहँदै आएको छ । महिला शारीरिक तथा बौद्धिक रूपमा वलिया र तीक्ष्ण हुँदैनन् भन्ने भावना अनुरूप महिलाको विभिन्न पक्षहरु जस्तै शरीरिक, मानसिक एवम संवेगात्मकतामा पुरुषद्वारा नियन्त्रण गरिएको छ । हिन्दुहरुको महान शास्त्र महाभारतमा पनि पुरुषहरुलाई शिक्षा दिक्षा दिने तर महिलाहरुलाई घरको चारदिवारभित्र नै कैद गर्ने प्रचलन रहेको कुरा आदिमकालदेखि नै प्रचलनमा रहेको कुरा देख्न सकिन्छ । महिलालाई द्वितीय लिङ्गका रूपमा समाजमा परिचित गराएको पाईन्छ । समाजका विभिन्न पक्ष लगायत शिक्षामा महिलाको स्थिति नीच रहेको र पुरुष प्रधान समाजद्वारा नियन्त्रण गरिएको छ । महिलाको स्थितिमा सुधार गर्न सन् १९७० को दशकदेखि विभिन्न सिद्धान्त र रणनीति र सन् १९७५ देखि विभिन्न सभा, समारोहको आयोजना गरिएको पाइन्छ । महिलाहरूको शैक्षिक, आर्थिक तथा सामाजिक हैसियत सुधारगर्न सन् १९४५ पछि नै अन्तराष्ट्रिय तहमा विभिन्न प्रयास भएपनि वर्तमान समयमा नेपाली समाजमा महिलाको शैक्षिक स्थिति टिठलाग्दो छ । सि.वि.एस. २०१३ को तथ्याङ्क

अनुसार कुल नेपालको साक्षरता दर ६५.९ प्रतिशतमा पुरुषको ७५.१ र महिलाको जम्मा ५७.४ प्रतिशत रहेको छ (सि.वि.एस., २०१४ । नेपाली महिलाहरूको शैक्षिक अवस्था पुरुषको तुलनामा कमजोर रहेको छ । परम्परादेखि नै पितृसत्तात्मक मुल्य मान्यता र हिन्दु धार्मिक दर्शनबाट नेपाली समाज बढी प्रभावित भएकोले शैक्षिक, सामाजिक, सांस्कृतिक इकाई, मूल्य मान्यता अभ्यास, दृष्टिकोण सम्बन्ध, चलन, आदर्श लगायत व्यवहारमा महिलाको हैसियत निम्न रहेको छ । नेपाली समाजमा महिला र पुरुषको काम, कर्तव्य वा स्थिति, अधिकार, जिम्मेवारी फरक फरक ढँगले चित्रण गरेको छ । छोरा छोरी वीचको कार्यलाई सामाजिक प्रकृयाको उपजको रूपमा व्याख्या गरिएको छ । छोरालाई निजि विद्यालयमा भर्ना गर्दा छोरीलाई सरकारी विद्यालयमा भर्ना गर्नु यसको ज्वलन्त उदाहरण मान्न सकिन्छ । समाजको हरेक तहमा पितृसत्ताको संस्थागत प्रभाव परेको हुनाले मानवले गरेका कार्यलाई पनि प्रकृतिको देनका रूपमा स्वीकारीएको छ । शिक्षाको अभावले गर्दा सामाजिक तथा सांस्कृतिक अभ्यासको सकारात्मक नकरात्मक प्रभावलाई विवेकशील आँखाले विश्लेषण गर्न सकिएको छैन (अर्याल, २०६२) ।

महिलाकै विकास र शसक्तीकरणको उद्देश्य लिएर संयुक्त राष्ट्रसंघद्वारा महिला सम्बन्धी विश्वसम्मेलनहरू हुँदै आइरहेका छन् । सन् १९७५ मा सर्वप्रथम अन्तर्राष्ट्रिय नारी वर्गका रूपमा सुरु गरिएको अभियान तथा नारी विकास दशकले गरेको समानता, विकास र शान्तिको बहुआयामिक उद्देश्यलाई निरन्तरता प्रदान गर्न संयुक्त राष्ट्र संघबाट मेक्सिकोमा आयोजना गरिएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन कोपेनहेगनमा सन् १९८० मा भएको थियो भने दोस्रो नैरोवीमा सन् १९८५ मा तेस्रो, वेइजिङ्गमा सन् १९९५ मा भएको र चौथो विश्व महिला सम्मेलनबाट पारित प्रस्तावहरूलाई सहभागिता, व्यापकता, वस्तुपरकता र गहनताका दृष्टिले सान्दर्भिक, महत्वपूर्ण र अद्धितीय मानिएको छ । उक्त कार्ययोजनामा उचित शिक्षा दिक्षा विना महिलाहरुको सर्वाङ्गीत विकास नहुने कुरालाई समावेश गरेयता उक्त सम्मेलन महिलाहरुको विकासको लागि कोशेढुङ्गा सावित भएको छ । बहुआयामिक सहभागिता कार्य दृष्टिकोणका कारण वेइजिङ्ग कार्ययोजना विश्वमा लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि एक बलियो र भरपर्दो आधार भएको पाइन्छ । यसले सबै राष्ट्रहरूमा सकारात्मक परिवर्तनको महशुस गर्न सकिने प्रयाप्त आधार निर्माण गरेको छ ।

वेइजिङ्ग सम्मेलनको पाँच वर्षपछि वेइजिङ्ग कार्ययोजनामा उल्लेख भएका १२ वटा सरोकारका क्षेत्रमा भए गरेका प्रगति तथा देखिएका चुनौती वाधा अवरोधहरूको सम्बन्धमा सन् २००० को जुन ५-९ मा संयुक्त राष्ट्र संघको महासभाको विशेष सत्रमा छलफल भएको थियो र उक्त अवसरमा महिलाको पूर्ण मानव अधिकार प्रत्याभूति गर्न राज्यले कानुन, रणनीति, निति तथा कार्यक्रमहरूमा प्राथमिकता समेत पहिचान गर्नुपर्ने र यसका लागि सबै सरोकार वालाहरूसँग मिलेर कार्य गर्नुपर्ने कुरामा प्रतिबद्धता व्यक्त गरिएको थियो । उक्त प्रतिबद्धता अनुसार समतामूलक विकासका लागि महिला अधिकार सम्बन्धी निम्न अधिकारहरू सुनिश्चित गरिएको छ ।

१. शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र कानुनी क्षेत्रमा समान अधिकार ।

२. महिलामाथि हुने विभिन्न रूपका हिंसा र महिलाको किनवेच तथा वेश्यावृत्तिका लागि गरिने महिलाको यौन शोषण विरुद्धको अधिकार ।

३. अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा संगठनमा भाग लिन पाउने अधिकार ।

४. आफू र आफ्नो सन्तानलाई राष्ट्रियता प्रदान गर्न पाउने अधिकार ।

५. शिक्षा, स्वास्थ्य, खेलकुद र अन्य सुविधाको अधिकार ।

६. रोजगारी तथा पारिश्रमिकमा समान अधिकार ।

७. ग्रामीण क्षेत्रका महिलालाई शिक्षा, स्वास्थ्य, सूचना, विकास आदि क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने अधिकार ।

८. विवाह र पारिवारिक जीवनमा समान अधिकार (युएनडि.पि., २००६) ।

नेपालको संविधान २०७२ ले नेपाल बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजातिय राज्य घोषणा गरे पनि सदियौदेखि चल्दै आएको रीतिरिवाज, धर्मकर्म र सामाजिक मूल्य मान्यता हिन्दुधर्ममा आधारित रहेका छन् । हिन्दू धर्म अनुसार विवाहको प्रमुख उद्देश्य गर्भाधान गर्नु, सन्तान जन्माउनु हो । आज पनि नेपाली समाजमा सन्तानका रूपमा छोरालाई प्राथमिकता दिएको छ । हिन्दु धर्म अनुसार छोराले बाबुआमाको मृत्युपछि नरकबाट पार लगाउँछ भन्ने मान्यता छ । धर्मशास्त्र अनुसार छोराबाट यमलोक र नातीबाट सूर्यलोक प्राप्त हुन्छ भन्ने विश्वास

गरिन्छ । आज पनि छोरा नपाउने महिला दर्जनौँपटक गर्भवती र सुत्केरी हुनुपर्ने अवस्था छ । पटकपटक गर्भवती हुनुपर्दा महिला शारीरिक र मानसिक रूपमा पीडित हुने र दैनिक कैयौँ महिला मृत्युकोशिकार हुन वाध्य छन् । आधुनिक चिकित्साप्रणालीको विकास भइसकेको अवस्थामा कैयौँ सहरी या बाबुआमा गर्भपरीक्षण गराई छोरा देखिएमा मात्र सुत्केरी गराउने, छोरी देखिएमा गर्भपतन गराउने गरेको प्रशस्त घटनाहरू प्रकाशमा आइरहेका छन् । यसले गर्दा छोरीलाई आफ्नो जन्मन पाउनेपहिलो अधिकारबाट समेत वञ्चित गराएको पाइन्छ । नेपालको खासगरी सुदुर पश्चिमका गाउँहरूमा अझै पनि छाउपडी प्रथा कायमै छ । यहाँ महिलाहरूलाई महिनावारी भएको समयमा र सुत्केरी भएको समयमा पशुसरह व्यवहार गरिन्छ । यस समयमा उनीहरूलाई साँघुरो, फोहोर र उज्यालो छिर्न नसक्ने गोठ वा झुपडीमा राखिन्छ जसलाई छाउगोठ भनिन्छ । जसबाट उनीहरू शारीरिक र मानसिक रूपमा मात्र नभई विभिन्न रोगहरूबाट समेत पीडित हुने गर्दछन् । त्यस्तै सुदुरपश्चिमकै गाउँहरूमा महिलाहरुलाई देवीका रूपमा मन्दिरमा चढाउने गरिन्छ जसलाई देउकी प्रथा भनिन्छ । आफ्ना मनका इच्छा पूरा हुने चाहनामा महिलालाई मन्दिरमा प्रसादको रूपमा चढाउनु निश्चय नै मानवीय कार्य होइन । त्यस्तै गरी झुमा प्रथा, कुमारी प्रथा, बोक्सी प्रथा जस्ता विभिन्न प्रथाले नेपाली महिलाहरूको सामाजिक स्थितिलाई निकै कमजोर बनाएको छ । शिक्षा लिने नलिने, कति वच्चा जन्माउने, आफ्नो शरीर कसरी स्वस्थ राख्ने जस्ता नितान्त व्यक्तिगत कुरामा समेत महिलाहरूले कुनै निर्णय लिन पाउँदैनन् । त्यसैगरी उनीहरू विभिन्न ठाउँमा यौन शोषण र बलात्कारका घटनाबाट पीडित भइरहन्छन् । बलात्कृत महिलाप्रति समाजले हेर्ने दृष्टिकोण पनि गलत छ । समाजमा सहज रूपमा बस्न सक्ने स्थिति छैन । त्यसैले बलात्कृत महिलालाई शारीरिक, मानसिक र सामाजिक रूपमापीडा बोक्न वाध्य बनाईन्छ । बालविवाह, अनमेल विवाह, बहुविवाह जस्ता समस्याबाट पनि महिलाहरू पीडत छन् । हिमाली भेगका शेर्पा जातिमा बहुपति विवाह आजसम्म पनि कायमै छ । त्यस्तै हाम्रो समाजमा महिलाहरू प्रति गरिने दुर्व्यवहारहरूमध्ये विधवा समस्या पनि एक हो । समाजमा विधवाप्रति गरिने व्यवहार सन्तोषजनक छैन । उनीहरू घरपरिवार र समाजबाट अपहेलित हुन पुग्छन् । उनीहरूको कुनै गतिविधिमा आफ्नो निर्णय हुँदैन । यसैगरी पुनर्विवाहको चाहना हुँदाहुँदै पनि सामाजिक अवस्थाको कारणले पुनर्विवावाह गर्न नसक्ने अवस्था छ । महिला वेचविखन तथा वेश्यावृत्ति पनि महिलाहरूको ठूलो समस्याको रूपमा रहेको छ । अशिक्षित सोझा र गरिब महिलाहरूको

सोभ्कोपनका कारण नेपाली चेलीहरू वेचविखनको शिकार भइरहेका छन् (अधिकारी, २०६७ ) ।

नेपाली महिलाहरू शिक्षादिक्षाको कमिको कारणले दिनप्रतिदिन घरेलु हिंसाबाट पनि उत्तिकै पीडित छन् । पतिलाई सधैं देवताको रूपमा सेवा गर्नुपर्ने, लोग्ने जुवातास खेली टन्न पिएर आएका बखत महिला मुक दर्शक भएर उसैको सेवामा लाग्नुपर्ने अवस्था छ भने कतिपय महिला लोग्नेमात्र नभई घरका अरु सदस्यहरूबाट समेत कुटपीटको शिकार हुनुपर्ने वाध्यता छ । शिक्षा दिक्षाको उचित अवस्था र अवसर नहुँदा महिलाहरु दाइजो प्रथा घरेलु हिंसाको प्रमुख कारण बन्दै आइरहेका छन् (राजभण्डारी, २०५५) ।

प्रायजसो नेपाली महिलाहरू चाहे सहरीया होस वा गाउँले उनीहरु निजी तथा घरायसी काममा संलग्न छन् । घरमा खाना बनाउने, परिवारको हेरचाह गर्ने, बालवच्चा हुर्काउने, कपडा धुने, घर सफा गर्ने, दाउरा तथा पानी इन्धन संकलन गर्ने, बाली लगाउने, गाइ, भैंसी बाखाको हेरविचार गर्ने कार्यमा संलग्न हुने हुँदा उनीहरूको कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्पादन बृद्धिमा योगदान पुऱ्याउने क्षेत्रको रूपमा समावेश नगर्नुले निजी क्षेत्र निम्न र असमान क्षेत्रका रूपमा रहेको छ । भित्री र सार्वजनिक सम्बन्धले महिला र पुरुषबीच स्तरीकरण सिर्जना गरेको छ । निजी क्षेत्रलाई शक्तिहीनता र कमजोर धारमा राखिएको छ जहाँ महिलाको सारा जीवन वित्दछ । त्यस्तैगरी सार्वजनिक क्षेत्रलाई शक्तिशाली मानिन्छ शिक्षाको कमिको कारणले गर्दा त्यो क्षेत्रमा पुरुषको पकड रहँदै आएको छ । सार्वजनिक क्षेत्रमा पुरुषले जति सम्मान पाउँछ त्यति सम्मान महिलाले नपाएकोले सार्वजनिक क्षेत्रमा भन्दा निजी क्षेत्रमा आफ्नोपन महशुस गर्न वाध्य छन् । वास्तवमा यो महिला विकासका निम्ति सकारात्मक सूचक होइन । महिलाले गृहिणीको रूपमा भूमिका निभाउनु नराम्रो त होइन तर गृहिणीको कामलाई अनुत्पादक, मूल्यहीन कामका रूपमा लिनु, अत्यन्तै नराम्रो कुरा हो जसले महिलाहरूलाई आर्थिक रूपमा निकै कमजोर बनाएको छ (अर्याल, २०६२) ।

नेपाली समाजमा महिलाहरू सबैको समान स्थिति छैन । कतिपय सहरी शिक्षित महिलाहरू सक्षम पनि छन् भने कतिपय महिलाहरू पुरुषको तुलनामा हरेक पक्षमा कमजोर छन् । धर्म, स्थान, जातजाति र परिवेश अनुसार महिलाको स्थिति फरक फरक छ । हाल आएर पैतृक सम्पत्तिमा पुरुषसरह समान अधिकार सम्बन्धी विधेयक पारित भइ नीति पनि बनिसकेको

छ । महिलाको हक, हित, उत्थान र व्यवस्थित विकासको लागि राष्ट्रिय महिला आयोगको गठन गरिसकिएको छ । गर्भपतन विधेयक संसदबाट पारित भई कानुनी रूपमा लागू भइसकेको छ । त्यसैगरी सर्वोच्च अदालतको प्रधानन्यायाधिस एवम् देशको राष्ट्रपति जस्तो गरिमामय एवम् संवेदनशिल पदमा महिलाहरु विराजमान छन् । छोरीलाई पनि छोरासरह शिक्षा दिने कुरामा अभिभावकहरू सहमत हुन थालेका छन् । राजनैतिक तहमा पनि महिलाको उपस्थिति बढ्दैछ । वैवाहिक निर्णयमा महिला सहभागिता बढ्दै छ । पढाइ सकेर विवाह बन्धनमा बाँधिने कुरामा अभिभावक लगायत केटाकेटीको विश्वास बढ्न थालेको छ । परम्परागत मूल्य, मान्यता, रितिरिवाज, प्रथा आदिमा क्रमिक सुधार हुँदैछ ।

### १.२ समस्याको कथन

समाज जतिसुकै आधुनिकतातर्फ प्रवेश गरे पनि, जतिसुकै शिक्षित भए पनि र महिलाहरूलाई कानुनमा पुरुष सरह स्थानदिने खोजे पनि, भाषा र नारा जति गरे पनि वास्तविकता अर्कै छ । कानुनका सबै कुरा व्यवहारिक रूपमा लागू हुन सकेका छैनन् । सीमित घेराभित्र राखेर महिलालाई कानुनी अधिकारहरू दिइएको छ । त्यो पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन । कतिपय नेपाली महिलाहरूलाई त आफ्नो हक र अधिकारका बारेमा ज्ञान पनि छैन । उनीहरू आफ्ना परम्प्रागत व्यवहारलाई नै अवलम्बन गर्दै धर्म, संस्कृति र रीतिरिवाजको नाममा तिनै क्रियाकलापलाई अँगाल्दै अगाडि बढ्दै आइरहेका छन् भने कतिपय शिक्षित महिलाहरू बुझेर पनि केही गर्न सक्ने स्थितिमा छैनन् किनभने हाम्रो समाज नै यस्तै प्रकारको छ (श्रेष्ठ र अन्य, २०६६) ।

विशेषगरी नेपाली महिलाहरूको स्थिति ज्यादै नराम्रो छ । महिलाहरू सबै क्षेत्रमा पछाडि परेका छन् । शिक्षाको उज्यालो घामबाट कैयौँ नेपाली महिलाहरू वञ्चित छन् । छोरीलाई पढाएर के काम यो त अर्काको घर जाने जात हो भन्ने भनाइ अझै पनि कैयौँ अभिभावकको मुखमा झुण्डिएको छ । अझै पनि छोरीलाई घरधन्दामा नै सीमित गराउन चाहन्छन् कैयौँ अभिभावकहरू । जसको कारण छोरीहरूशिक्षाको उज्यालो घामबाट वञ्चित छन् । शिक्षाको अभावले गर्दा नै उनीहरू प्रत्येक अवसरबाट वञ्चित छन् । पुरुष सरह अगाडि आउन सक्ने अवस्था उनीहरूको छैन (मल्ल, २०६०) ।

शिक्षा चेतनाको आधार हो यसले चेतना दिन्छ र चेतनाले मानवलाई अन्याय र अत्याचार विरुद्ध आवाज उठाउ सिकाउँछ । मानवीय जीवनको मर्यादा र विकासको लागि शिक्षा अपरिहार्य तत्व हो । नेपाल जस्तो विकासोन्मुख देशमा महिला वर्ग अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहनाले एकातिर पारिवारिक सुख, सुविधा र सन्तुष्टिको स्थितिबाट बञ्चित छौं भने अर्कोतिर यसले देश विकासमा ठूलो अवरोध ल्याएको छ । त्यसैले महिलाको शिक्षा आर्जनमा बाधा पुऱ्याउने तत्वहरुको पहिचान गर्नु आवश्यक छ । यस अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था कस्तो छ र पुरुष सरह शिक्षा पाउन बाधा पार्ने तत्वहरुको पहिचान हुनु आवश्यक छ । वर्तमान महिलाहरुको लागि दिइने शिक्षाले उनीहरुको जीवनमा कति परिवर्तन ल्याउन सक्यो त्यसतर्फ ध्यानाकर्षण हुनु आवश्यक छ । यी र यस्तै विविध प्रश्नहरुको उत्तर खोज्ने प्रयासका साथ यस इलाम जिल्ला शान्तिपुर गा.वि.स.का महिलाहरुको शैक्षिक अवस्थाहरुको अध्ययन गर्न लागिएको हो । यस अध्ययनमा मूलतः निम्न लिखित अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१) अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरुको शिक्षाको अवस्था कस्तो छ ?

२) महिलाहरुले पुरुष सरह समान शिक्षा पाएका छन कि छैनन् ?

३) यहाँका महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु के के हुन् ?

## १.३ अनुसन्धानको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य महिलाहरुको शैक्षिक स्थितिको बारेमा जानकारी प्रस्तुत गर्नु रहेको छ । इलाम जिल्लाको शान्तिपुर गा.वि.स. का महिलाहरुको वास्तविक शैक्षिक अवस्था स्थिति अनुसन्धानका लागि निम्न उद्देश्य रहेका छन् ।

१) अध्ययन क्षेत्रको महिलाहरुको शैक्षिक अवस्था विश्लेषण गर्ने ।

२) त्यस क्षेत्रको महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

शिक्षा समाजको सामाजिकीकरणको महत्वपूर्ण माध्यम हो । शिक्षाका माध्यमबाट समाजमा विकसित ज्ञान, संस्कृति मूल्य, मान्यता, भाषा, कला साहित्य प्रविधि आदि मानव समाजमा हस्तान्तरित हुन्छन् । शिक्षामा वैज्ञानिकता साथै व्यवहारिक शिक्षालाई देशको आवश्यकता

अनुरुप विकसित गर्द सवै वर्ग र समुदायको पहुँच रहन सक्ने गरी शिक्षाको विकास गर्नुपर्ने आजको आवश्यकता हो (आचार्य, २०७०) । तर पनि समाजमा यसको समानुपातिक विकास हुन सकेको छैन । अझै पनि शिक्षामा महिलाहरु पछाडि परेका छन जसको कारण खोज्नु आजको आवश्यकता हो । केही महिलाको शैक्षिक गतिविधिमा नियन्त्रण गर्ने कारक तत्व आर्थिक नै प्रमुख भएको निष्कर्षमा पुगेका छन् । शिक्षाले समाजमा र स्वयम् शिक्षित व्यक्तिको जीवनमा कस्तो र कति प्रभाव पार्न सक्यो भनेर विश्लेषण गर्नुसँग केन्द्रीत रहेको छ ।

विविधतायुक्त हाम्रो नेपाली समाजमा अन्यत्र गरिएका अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व गर्न सक्दैन । यस अध्ययन क्षेत्रमा गर्न लागिएको अध्यनबाट प्राप्त निष्कर्ष अन्य अनुसन्धानका विद्यार्थी, सामाजिक कार्यकर्ता, तथा महिला शिक्षा विषयमा चासो राख्ने जो कोहिलाई उपयोगी हुन सक्ने छ । यो अनुसन्धान र यसमा अपनाइने प्रक्रियाले भावी अनुसन्धानकर्ता तथा शैक्षिक प्रवृत्ति र प्रक्रियाको बारेमा बुझ्न खोज्नेलाई एउटा पुरक स्रोतको रुपमा समेत सहयोग पुऱ्याउने छ ।

## १.५. अध्ययनको संगठन

यस शोधपत्रलाई पाँच अध्यायमा विभक्त गरिएको छ । जसमध्ये पहिलो अध्यायमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य र अध्ययनको संगठन रहेको छ भने दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनारावलोकनको समिक्षा गरिएको छ । तेस्रो अध्यायमा अध्ययनको अनुसन्धान पद्दतिको बारेमा उल्लेख गरिएको छ भने चौथो अध्यायमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसै गरी पाँचौ अध्यायमा सारांस र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## साहित्यको पुनरावलोकन

आजको युगमा शिक्षा मानवको तेस्रो आँखा हो । शिक्षाबाट बञ्चित व्यक्तिले जीवनलाई बुझ्न सक्दैन । मानिस अशिक्षाले अन्धो हुन्छ । शिक्षा विना मानवले जीवनको पूर्ण आनन्द लिन सक्दैन । शिक्षाको उल्यालो घामको न्यानो किरण पाएका मुलुकहरुले विकासको गति हासिल गरिरहेका छन् । समाजमा देखिएका विभेदको अन्त्य गरि समानतामूलक समाज निर्माणका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षा कुनै पनि समाज र राष्ट्र विकासको आधार हो । राष्ट्रका मानिसहरु शिक्षित भएमा मात्र सामाजिक सुधार हुनाका साथै राष्ट्रको उत्थान हुने हुनाले शिक्षाको निकै ठूलो महत्व छ ।

शिक्षाको अभावमा मानव जीवन अपुरो मात्र होइन अत्यन्तै कष्टकर र निरासाजनक पनि छ । समाजमा व्यक्तिलाई बाँच्नका लागि समाजसँग परिचीत हुनका लागि, प्रगती र विकास गर्न लागि शिक्षा अनिवार्य छ । आज तिनै समाज विकसित र धनी कहलिएका छन् । स्रोत र साधनको भरपुर उपयोग गरिराखेका छन् । आफ्नो प्रभुत्वलाई अघि बढाई राखेका छन् । सभ्य तथा सुसंस्कृत छन्, जुन समाज शिक्षामा अघि छन् । देशको आर्थिक अवस्थामा सुधार ल्याउन स्रोत र साधनको उपयोग गर्न तथा समाजमा भातृत्व र भाइचाराको विकास गर्न पनि शिक्षाको त्यति नै महत्व छ (आचार्य, २०७०) ।

शिक्षा सामाजिक संस्था हो । जसले आधारभूत तथ्य, रोजगार क्षमता र व्यक्तिको सांस्कृतिक मूल्य र मान्यता लगायतका ज्ञानको रुपान्तरणलाई निर्देशन गरेको हुन्छ । औद्योगिक पूर्वका कतिपय समाजमा शिक्षा अनौपचारिक खालको थियो । धर्मबाट निर्देशित शिक्षा, चर्च, मन्दिर, मस्जिद, गुम्बा, गुरुकुल, परिवार आदि मार्फत प्राप्त हुन्थ्यो । (आचार्य, २०७०) ।

औपचारिक शिक्षा २००७ साल अघि खासै थिएन् । जनताका छोराछोरीले पढे बाठा हुन्छन् भनि पढ्न जान दिने चलन थिएन् भने राणाहरुले आफ्ना सन्तान र आफन्तका लागि दरबार हाइ स्कुल खुलाएका थिए । नेपालमा प्रजातन्त्रको स्थापना पश्चात् मात्रै औपचारिक र अनौपचारिक शिक्षण संस्थाहरु खुले । आधुनिकतासँगै शिक्षाको लेनदेनको तरिका शिक्षा उद्देश्य तथा शिक्षामा सहभागी हुने प्रवृत्तिमा व्यापक परिवर्तन हुनथाल्यो । उच्च शिक्षाको लागि स्कुल तथा कलेजहरु खुल्न थाले । विभिन्न मितिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा

सम्मेलनहरुले पारित प्रस्तावनाहरुलाई पूरा गर्ने र देशको शैक्षिक अवस्थामा गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा आयोग २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्दति योजना २०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९ उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरु शिक्षा क्षेत्रमा चालिएका छन् ( अर्याल, २०६२) ।

अनौपचारिक शिक्षातर्फ हेर्ने हो भने सन् १९५१ देखि १९५६ सम्म अनौपचारिक शिक्षा केवल साक्षरता कार्यक्रममा मात्र सिमित रहेको थियो । सन् १९५६ देखि १९६५ सम्म प्रौढ साक्षरताका लागि केन्द्रहरु विस्तार गर्ने, ३ महिनाको साक्षरता कार्यक्रमलाई ६ महिनाको गर्ने र उत्तीर्ण हुने प्रौढहरुलाई प्रमाणपत्र वितरण गर्ने कार्यहरु भए । सन् १९७१ देखि १९७७ मा राष्ट्रिय शिक्षा पद्दति योजना लागू भएपछि साक्षरताका लागि प्रौढ शिक्षा र कार्यमूलक प्रौढ शिक्षा गरी २ किसिमका कार्यक्रमहरु लागू गरिए जसलाई शुरुमा शिक्षा विकास तथा अनुसन्धान केन्द्रले अधिराज्यका ८ जिल्लामा लागू गरेको थियो । हाल अनौपचारिक शिक्षा केन्द्रले प्रौढ तथा बाल शिक्षाको सम्बन्धमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ (अनौपचारिक शिक्षा नीति, २०६३) ।

प्राथमिक शिक्षाको विकास भने नयाँ शिक्षा पद्दति योजना २०२८ लागू भएदेखि तिब्र रुपमा हुँदै आएको पाइन्छ । वि.सं. २०३२ सालमा प्राथमिक शिक्षा निशुल्क र २०३५ सालदेखि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरियो । जसले गर्दा विद्यार्थी सहभागिता क्रमशः वृद्धि हुँदै गएको पाइन्छ । तर संख्यात्मक रुपमा विद्यार्थी संख्या बढ्दै गए पनि गुणात्मक रुपमा भने खासै वृद्धि हुन सकेको छैन (खनाल, २०६७) ।

व्यक्तिमा अन्तरनिहित प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु मानवीय मूल्य एवम् मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाके मुख्य उद्देश्य हो (संविधान, २०७२) ।

नेपाल शिक्षाको क्षेत्रमा तलै छ । नेपालीहरुको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा (५ वर्ष माथिका) पुरुष ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । नेपालमा कानुनले नारीलाई पुरुष सरह शिक्षा प्राप्त गर्ने अधिकार दिए पनि कुसंस्कार र अन्धविश्वासले नेपाली महिलालाई असर पारेको छ । चाहे महिला हुन वा पुरुष शिक्षा सबैका लागि अपरिहार्य छ । आधा आकाश ओगटेका महिलाहरुको शैक्षिक अवस्था

ज्यादै न्युन छ । जुन प्रमाणपत्र तहदेखि विधावारिधीको तहसम्म पुग्दा क्रमैसँग छट्दै गएको देखिन्छ । प्रमाणपत्रमा २९.७४ प्रतिशत महिला छन भने क्रमश स्नातकमा २५.२९ प्रतिशत स्नातकोत्तरमा १७.६५ र विद्यावारिधिमा १७.९ प्रतिशत छन् । यसरी घट्दै जानुमा महिलाले विवाह पछिको शिक्षालाई अघि बढाउन नसक्नु, आर्थिक स्रोतको अभाव हुनु, घर बाहिरका सहरमा गएर पढ्ने अनुमति नहुनु तथा महिलाप्रतिको उच्च शिक्षामा पारिवाारिक र सामुदायिक चासो कम हुनु जस्ता कारणहरुले महिलाको उच्च शिक्षामा न्यून पहुँच रहन गएको छ (आचार्य, २०७०) ।

महिला शिक्षित भएमा मात्र सामाजिक सुधार हुने साथै राष्ट्रको विकास हुने हुनाले यो पछौटेपन हटाउनु जरुरी छ । सुरुदेखि नै छोरीको शिक्षालाई महत्व नदिने, घरको कामको जिम्मेवारी छोरीलाई मात्र दिने, सीप तथा तालिममा कम अवसर दिइने सानै उमेरमा विवाह गरिदिने, महिनावारी हुँदा छुट्टै बस्नुपर्ने वाध्यता, केही गाउँमा विद्यालयको वातावरण सुरक्षित नहुने आदि शिक्षामा महिला पछि पर्नुका कारणहरु हुन् । महिला र पुरुष भनेका एक अर्काका परिपूरक हुन । यी मध्ये एकमात्र शिक्षित भएर सामाजिक सुधार सम्भव छैन । त्यसैले समाज र देशको विकास गर्न महिला शिक्षामा जोड दिनु पर्दछ । महिलालाई पुर्नउत्पादक कार्यमा मात्र सिमित नराखी उत्पादन मूलक कार्यमा संलग्न गराउनु पर्दछ (कोइराला, २०६६) ।

धेरैजसो परिवारमा छोरीलाई औपचारिक शिक्षा दिनु भन्दा उनीहरूलाई वैवाहिक जीवनमा वाँध्न उपयोगी कृषि र गृहस्थीका सीपहरू सिकाउनु नै बढी खाँचो महशुस गरिन्छ । छोरीलाई विवाहपछि अर्काको घरमा पठाउनुपर्ने हुनाले धेरैजसो बाबुआमाहरू छोरीको पढाइमा खर्च गर्न कुनै आर्थिक लाभ हुने देख्दैनन् । विशेष खर्चको वाँडफाँड गर्नुपर्दा उनीहरू छोरीको पढाइभन्दा छोराकै पढाइलाई ग्राह्यता दिन्छन् (मानव अधिकार प्रतिवेदन, १९९८) ।

अनौपचारिक शिक्षामा भने पुरुषको भन्दा महिलाको संख्या बढी नै देखिन्छ । सन् १९९५/९६ मा महिलाको सहभागिता ७४ प्रतिशत थियो । यसले महिलाहरूको साक्षरता तथा शिक्षाप्रतिको चाहनाको महत्वपूर्ण अभिव्यक्तिलाई प्रतिबिम्बित गर्दछ । जुन उनीहरू आफ्नो बाल्यकाल तथा स्कुल उमेरमा शिक्षाको अवसरबाट वञ्चित भएका थिए । दुईवटा भिन्न भिन्न अनुसन्धानहरूमा ठूलो संख्यामा महिलाको साक्षर र शिक्षित बन्ने अभिलाषा

व्यक्त गरेको पाइन्छ । महिलाहरूको लागि व्यवसायिक तालिम नरहेको देखाउँदछ । प्रँविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) ले अधिराज्यभरि नौवटा प्राविधिक स्कुलहरू संचालन गरेको छ । यस केन्द्रसँग अरु ११८ वटा प्राविधिक स्कुलहरू आबद्ध छन् । तर यी प्राविधिक स्कुलहरूमा प्रायजसो पुरुषहरूको पेशा मानै प्रशिक्षण दिने गरेको पाइन्छ । यसको अलावा यी स्कुलहरूमा प्रवेश हुन १० कक्षा पास गरेको अनिवार्य हुनुपर्ने व्यवस्था छ (अधिकारी, २०६७) ।

देशको आदि जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सदासर्वदा संलग्न रहे पनि अशिक्षा, अस्वस्थता, गरिबी तथा परम्परागत सामाजिक रुढीवादी व्यवहारले गर्दा सम्पत्ति, आय, रोजगार जस्ता आर्थिक श्रोत एवम् अन्य श्रोतका अवसरहरूको पहुँचबाट टाढा छन् । महिला वर्ग, पुरुष वर्गका साथसाथै जबसम्म पूर्ण रूपमा राष्ट्रको उत्थान कार्यमा संलग्न हुँदैनन् देशको सामाजिक, आर्थिक स्थितिमा सुधार आउन सक्दैन (योजना आयोग, २०५५) ।


विकासको एउटा नाम अथवा संकेत नै त्यस देशको नागरिकहरूको उचित शिक्षालाई लिन सकिन्छ । कुनै पनि व्यक्तिमा शिक्षा भएन भने सामाजिक, सांस्कृतिक, आर्थिक आदि अन्य कुनै पनि पक्षमा आफ्नो सहभागिता दिन सक्दैनन् । कुनै पनि देशको महिलाको सामाजिक, आर्थिक विकास हुनमा शिक्षाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सम्पूर्ण दक्षिण एशिया क्षेत्रमा वयस्क महिलाहरूको साक्षरता दर जम्मा १७ प्रतिशत छ जबकि अन्य सम्पूर्ण विकासशील देशहरूमा ४९ प्रतिशत छ । १९९१ को राष्ट्रिय जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ३९.६ प्रतिशत थियो र यसमा पनि पुरुष साक्षरता ५४ प्रतिशत र महिला साक्षरता मात्र २५ प्रतिशतथियो । यसबाट विश्वमा नै महिला साक्षरता दर पुरुषको भन्दा न्यून रहेको छ ।

Status of women-Volume II, part I मा यी कुराहरू उल्लेख गरिएको छ कि एउटा परिवारकै महिलाहरूमा विशेषगरी बुहारीमा बढी कामको बोझ पर्दछ । यी वर्गका महिलाहरू दिनको ११ घण्टा काम गर्दछन् । जबकि पुरुषहरू दिनको ७ घण्टा काम गर्दछन् । नेपालको महिलाहरूको कृषि क्षेत्रमा ९० प्रतिशत भन्दा बढी संलग्नता रहेको छ । कृषि कार्यले महिलाहरूको सामाजिक, आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । (काफ्ले र अन्य, २०६९) ।

महिलाहरूको आर्थिक पक्षको बारेमा घिमिरे लेख्छन् "औद्योगिक क्षेत्र तथा अन्य सरकारी नोकरीतिर महिलाहरूको सहभागिता निकै कम छ तर कृषि कार्य घरको काम तथा ससाना घरेलु उद्योगतिर महिलाहरूको सहभागिता धेरै मात्रामा रहेको छ किनकि यो विश्वास गरिन्छ कि महिलाहरू शारीरिक रूपमा पुरुषभन्दा कमजोर हुन्छन् जे होस् महिलाहरू पुरुष भन्दा बढी परिश्रम गर्दछन् । यसको साथै उनीहरू वच्चाहरू हेर्ने र अन्य घरेलु काम गर्दछन् । एउटा परिवारमा महिलाको स्थिति एउटी ज्याला तिर्नुनपर्ने नोकरको जस्तो छ जसको जीवन पुरुषमा निर्भर रहेको हुन्छ" (पाण्डे, २०६५) ।

## २.१ अध्ययनको ढाँचा

सन्दर्भ साहित्यको अध्ययन पश्चात यो निचोडमा पुगिन्छ कि, महिलाहरुको शैक्षिक अवस्थामा बाधक तत्वहरूमा आर्थिक, सामाजिक, लैगिक र राजनैतिक असमानता हो । शैक्षिक अवस्थाका कारक तत्वहरुमा पारिवारिक, आर्थिक, कार्यबोझ, वैवाहिक स्थिति, परिवारको प्रकार, अभिभावकहरुको शिक्षा आदि बाधक एवम कारक तत्वहरु रहेको पाइयो । आर्थिक, सांस्कृतिक, राजनैतिक प्रभाव एवम सामाजिक असमानता जस्ता सामाजिक जल्दाबल्दा समस्याहरुका कारणले महिलाहरुलाई शैक्षिक रुपमा पछाडि पारेको कुरा जान्नमा आयो । उक्त तथ्यलाई  आधारमानि सोही निम्नानुसारको सैद्धान्तिक अवधारणा अपनाइएको छ ।




नेपालको परिप्रेक्ष्यमा शक्तिको असमान बाँडफाँड् र आर्थिक असमानताले गर्दा महिला शिक्षामा बाधापार्ने तत्वहरुलाई बढावा दिइएको कुरा बुझ्न सकिन्छ । त्यस्ता प्रकारका बाधा अडचनहरुमा प्रायःजसो घरपरिवार, नेपालको सामाजिक मूल्यमान्यता, आर्थिक तथा राजनैतिक परिवेश साथसाथै पितृसत्तात्मक समाजमा महिलाहरुले व्यहोर्नु परेका तीता एवम कठिन समस्याहरुलाई लिन सकिन्छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्रको छनौट

महिला शिक्षा आजको परिस्थितिको निकै नै जल्दोबल्दो समस्याको रुपमा रहेको छ । कुनै पनि विकास कार्यमा महिलाको सहभागिता विना पूर्ण हुन नसक्ने भएकाले महिला शिक्षाको बारेमा अध्ययन अनुसन्धन गर्नु महत्वपूर्ण हुन आउँछ । यो अध्ययन इलाम जिल्लाको शान्तिपुर गा.वि.स.मा गरिने लक्ष्य लिइएको छ । यस गा.वि.स मा ९ वटा वडाहरु रहेका छन् । जसमा धेरै जातजातीका मानिसहरु रहेका छन् र उनीहरुको आफ्नै किसिमको सामाजिक, साँस्कृतिक संरचना, मूल्यमान्यता रही आएको छ । उक्त अध्ययन क्षेत्रका विभिन्न जातिका महिलाहरुको शैक्षिक अवस्था, महिला शिक्षाप्रति समाजको बुझाई तथा हेराई र महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु पत्ता लगाउनका लागि इलाम जिल्ला शान्तिपुर गा.वि.स.लाई छनौट गरिएको छ ।

### ३.२. अनुसन्धानको ढाँचा

यस अध्ययन क्षेत्रका विभिन्न जाति र उमेर समूहका महिलाहरुको शैक्षिक स्थिति र महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरुको बारेमा अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा संकलित तथ्याङ्कलाई विश्लेषण गर्नको लागि वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रुपमा अनुशरण गरिएको छ । त्यसै गरी उद्देश्यअनुरुपका शीर्षक अन्तर्गत तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी हेर्ने तथा प्राप्त तथ्यहरुको विस्तृत व्याख्या विश्लेषण पनि गरिएको छ ।

### ३.३ तथ्यांकको प्रकृति तथा स्रोत

तथ्यांकको प्रकृति तथा स्रोतहरु विभिन्न खालका हुन्छन् । अध्ययनको प्रकृतिको आधारमा विभिन्न तथ्यांकहरु लिइने गरिन्छ । त्यसै गरी यस अध्ययनको लागि पनि संख्यात्मक उत्तर आउने खालका समस्याहरुलाई हल गर्नको लागि संख्यात्मक प्रकृतिका तथ्यांकको संकलन गरिएको थियो भने संख्यात्मक उत्तर नआउने समस्याहरुलाई गुणात्मक प्रकृतिका उत्तरहरुको संकलन गरिएको थियो । यस अध्ययनलाई आवश्यक पर्ने द्वितीय तथ्यांकलाई प्रश्नावलीको

माध्यमबाट संकलन गरिएको थियो भने प्राथमिक तथ्यांकलाई पहिले विभिन्न विद्वानहरुद्वारा प्रतिपादित गरिएका विभिन्न लेख रचना, पुस्तक, पत्रपत्रिकाहरुबाट संकलन गरिएको थियो ।

## ३.४ नमुना छनौट विधि

यस अध्ययनको लागि जम्मा ६० जना महिलाहरुलाई समावेश गरिएको थियो । शान्तिपुर गा.वि.स. वडा नं. मा ३६६ घरधुरीमा ९०० पुरुष र ७६६ महिला गरी जम्मा १६६६, वडा नं. ४ मा १२४ घरधुरीमा २८१ पुरुष र २६९ महिला गरी जम्मा ५५० र वडा नं. ७ का २७१ घरधुरीमा ७६९ पुरुष र ६१३ महिला गरी जम्मा १२९२ जना रहेका थिए (भिलेज प्रोफाइल, २०७१) । उक्त जनसंख्या मध्ये शान्तिपुर गा.वि.स. वडा नं. ३, ४ र ७ बाट प्रत्येक वडाबाट उद्देश्यमुल नमुना छनौट विधि अन्तर्गत जम्मा २० जना महिलाहरु गरी ३ वटा वडाबाट जम्मा ६० जना उत्तरदाताहरुलाई छनोट गरिएको थियो । उत्तरदाताको छनोट गर्ने क्रममा कुनै कुनै घरमा २ जना महिलाहरु पनि रहेका थिए । त्यस्तो समस्याको समाधानका लागि मैले दुइ जना महिलामध्ये कम उमेर भएकी महिलालाई उत्तरदाताको रुपमा छानेको थिएँ । यसो गर्नुको पछाडी कम उमेरकी महिलाको शिक्षाको बारेमा सोचाइमा अलि बढी दखल हुन्छ भन्ने नै मेरो मान्यता रहेको थियो ।

## ३.५ तथ्यांक संकलन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धानमा तथ्यांक संकलनको ठूलो भूमिका रहने हुँदा अनुसन्धानको क्रममा प्राथमिक स्रोतबाट तथ्याङ्कहरु संकलन गर्न निम्न अनुसन्धान विधिको प्रयोग गरिएको छ :

### ३.५.१ अन्तरवार्ता

शान्तिपुर गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्न अन्तरवार्ता विधिको प्रयोग गरिएको थियो । संरचित एवम अर्धसंरचित प्रश्नवलीको सहयोगमा अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग प्रत्यक्ष अन्तरवार्ता लिइएको थियो । यस अन्तरवार्ता विधिबाट शान्तिपुर गा.वि.स. का महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्था, पेशा व्यवसाय, परम्परागत मूल्य मान्यता, शिक्षा आर्जनमा बाधापार्ने तत्वहरु, शिक्षाको बारेमा उनीहरुको राय सल्लाहका बारेमा जानकारी लिइएको छ ।

### ३.५.२ समूह छलफल

समूह छलफल विधिबाट शान्तिपुर गा.वि.स. का महिलाले अशिक्षाको कारणले भोगेका समस्याहरुका बारेमा तथा सामाजिक घट्नाका बारेमा उत्तरदातालाई कम्तिमा पनि ८/१० जनासम्मको समूह बनाएर, एकै ठाउँमा सम्मिलित गराएर आपसी अन्तरक्रियाबाट उनीहरुको राय सल्लाह र सुझाव संकलन गरिएको थियो । समूह छलफलमा प्राप्त भएका र उनीहरुले प्रत्यक्ष भोगेका शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु, पुरुषप्रधान समाजमा महिलाको स्थिति, शिक्षाको बारेमा उनीहरुको राय सल्लाह जस्ता कुराहरुको छलफल गरिएको थियो जसलाई यस अध्ययनमा समावेश गरिएको छ ।

## ३.६ तथ्यांकको वर्गीकरण तथा प्रस्तुतीकरण

अनुसन्धानबाट प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्यांकहरुलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी औषत प्रतिशत र अनुपात जस्ता वर्णनात्मक उपकरणहरु प्रयोग गरी तथ्यांक विश्लेषण तथा व्याख्या गरिएको छ । साथै तथ्यांकलाई आवश्यकता अनुसार टेवल बनाई सांख्यिकीय विधि प्रयोग गरी विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानका आआफ्नै सीमाहरु हुन्छन् । त्यही सीमाभित्र रही अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने हुँदा यस अध्ययनले सम्पूर्ण ठाउँको महिलाहरुको प्रतिनिधित्व नगरी भौगोलिक आधारमा यो अध्ययन इलाम जिल्ला शान्तिपुर गा.वि.स मा सीमित रहने छ । विषय वस्तुको आधारमा यो अध्ययन क्षेत्रमा महिलाहरुको शैक्षिक अवस्था र शिक्षा आर्जनमा वाधापार्ने तत्वहरुको पहिचान गर्ने तर्फ यो अनुसन्धान केन्द्रित रहने छ ।

# अध्याय चार

# महिलाहरुको शैक्षिक अवस्थामा बाधापार्ने तत्वहरुको विश्लेषण एवम प्रस्तुतिकरण

## ४.१ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था

### ४.१.१ अध्ययन क्षेत्रको सामान्य परिचय

विश्व मानचित्रमा इलाम जिल्ला २६°४०' देखि २७' उत्तरी अक्षांशमा अवस्थित रहेको छ । १७०३ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लाको पूर्व पश्चिम औषत लम्वाइ ५० कि.मि. र उत्तर दक्षिण औशत चौडाइ ३८ कि.मि. रहेको छ । जिल्लाको पूर्वमा भारतको दर्जिलिङ, पश्चिममा मोरङ र पाँचथर, उत्तरमा पाँचथर र दक्षिणमा झापा रहेको छ । समुद्र सतहबाट ३०० मि. देखि ३६३६ मि. सम्म उचाइमा रहेको यस इलाम जिल्लामा विविध हावापानी पाइनुका साथै रमणीय स्थानको रुपमा लिन सकिन्छ ।

२०६८ सालको जनगणना अनुसार जिल्लाको कुल जनसंख्या २९०२५४ रहेको छ । जसमा पुरुषको संख्या १४११२६ रहेको छ भने महिलाको जनसंख्या १४९१२८ रहेको छ भने जम्मा घर परिवार संख्या ६४५०२ रहेको छ । जनघनत्व १७० प्रति वर्ग कि.मि. छ । धर्म अनुसार हिन्दू पुरुष ६२६७७ र महिला ६६४६४, वौद्ध पुरुष २१३३५, महिला २३०३२, इश्लाम पुरुष १४६, महिला ८३, किरात पुरुष ५०१२१, महिला ५३२२९, क्रिश्चियन पुरुष ३४८९ महिला ३७६३, प्रकृत पुरुष २०२२, महिला १८७४, वेन पुरुष १०, महिला १९, बहाइ पुरुष १८ महिला २६, शिखीजम पुरुष १, महिला १ छन् र उल्लेख नभएको पुरुष जनसंख्या १३०३ र महिला जनसंख्या ६३६ रहेको छ (सिविएस. २०६८)

नेपालको पूर्वाञ्चल विकास क्षेत्र मेची अञ्चल इलाम जिल्लाको सदरमूकाम इलाम नगरपालिका देखि २० कि.मि. दक्षिणतर्फ अवस्थित यस शान्तिपुर गा.वि.स.को उत्तरतर्फ पञ्चकन्या गा.वि.स. पूर्वतर्फ कोलवुड गा.वि.स. पश्चिमतर्फ लक्षिमपुर गा.वि.स. रहेका छन् भने दक्षिणतर्फ झापाको बुधबारे र खुदुनावारी गा.वि.स. रहेका छन् । यस गा.वि.स.को भौगोलिक अवस्थिति तथा फैलावट २६ डिग्री ४४ मिनेट ५९ सेकेण्ड देखि २६ डिग्रि ५२ मिनेट २३ सेकेण्ड उत्तरी अक्षास सम्म फैलिएको छ । समुद्र सतहवाट १९८ मि. देखि

१७०५. मि.सम्मको उचाइमा रहेको यस गा.वि.सको कुल ५५.३८ वर्ग कि.मि. क्षेत्रफल रहेको छ ।

### ४.१.२ अध्ययन क्षेत्रको जनसांख्यिक तथा सामाजिक अवस्था

ग्रामीण परिवेशमा रहेको यस गा.वि.स. भित्र २०६८ को जनगणना अनुसार १४३३ घरधुरी रहेको छ । जनसंख्या तर्फ ४०८९ अर्थात् ५०.३१ प्रतिशत पुरुष र ४०३८ अर्थात् ४९.६८ प्रतिशत महिला रहेका छन् । शैक्षिक अवस्था सामन्य रहेको यस क्षेत्रमा आर्थिक, पेशागत, व्यवसायिक तथा जातीगत आधारमा हेर्दा पनि सामान्य नै रहेको छ ।

यहाँका मानिसहरुको जनजीवन सामान्य खालको रहेको छ । जातिगत आधारमा यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, कामी, सार्की, दमाई, नेवार, लेप्चा, राइ, लिम्बु, भुजेल, खवास आदि विभिन्न जातजातीको बसोवास रहेको छ । त्यसैगरी यस क्षेत्रमा नेपाली मातृभाषा बोल्नेहरुको संख्या अत्यधिक रहेको छ । यहाँ विभिन्न धर्म मान्ने व्यक्तिहरु रहे पनि अन्य धर्मको तुलनामा हिन्दू धर्म मान्नेहरुको बाहुल्यता बढी रहेको छ ।

मुख्य पेशा कृषि रहेको यस गा.वि.स. मा आलु, धान, मकै, कोदो आदि जस्ता बालीहरु लगाउनुका साथै आफूलाई आवश्यक पर्ने तरकारी तथा पशुपालन पनि गरिन्छ । प्रा:यले व्यवसायिक चियापत्ती खेती गरी आयआर्जनको बाटो अपनाएको पाइन्छ तापनि उनीहरुको व्यवसायिकतामा आधुनिकीकरणको अभावले उनीहरुले परम्परागत रुपमै भएपनि चियाबाट सन्तोषजनक रुपमा नै फाइदा लिएको पाइन्छ । पुरानै कृषि प्रणाली अनुसार अन्य खेती गरिने हुनाले उत्पादित वस्तु आफ्नै प्रयोजनका लागि खपत हुने गर्दछन् । हाल सम्मको कृषि प्रणालीलाई हेर्दा गुजारा र जिवीकोपार्जन किसिमको विधि यहाँका किसानले अपनाइ रहेका छन् । खेती पाति बाहेक गाई भैसी, बाखा, बंगुर, हाँस, कुखुरा, आदि समेत यहाँ पाल्ने गरिन्छ ।

### ४.१.३ लिङ्गको आधारमा उत्तरदाताको परिवारको जनसंख्या विवरण

विभिन्न जातजातिका र समुदायका मानिसहरुको परिवारमा फरक फरक परिवार संख्या रहेको हुन्छ भने महिला र पुरुषको संख्यामा पनि भिन्नता हुन्छ । पारिवारिक सर्वेक्षणमा छनौट भएका ६० परिवारको जनसंख्याको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ४.१ उत्तरदाताहरुको परिवारको जनसांख्यिक विवरण**

| लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | १५८ | ५५.२४ |
| पुरुष | १२८ | ४४.७६ |
| जम्मा | २८६ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३ ।

तालिका नं. ४.१ अनुसार नमुना छनौटमा परेका ६० परिवारमा कुल जनसंख्या २५६ रहेकोमा महिलाको संख्या १५८ अर्थात ५५.२४ प्रतिशत र पुरुषको संख्या १२८ अर्थात ४४.७६ प्रतिशत छ । यस क्षेत्रको नमुना छनौटमा परेका घरहरुको जम्मा जनसंख्यामा पुरुषको भन्दा महिलाको संख्या ३० जना बढी रहेको छ भने प्रति घरधुरीको औषत जनसंख्या ४.७७ जना रहेको छ । नेपालको सन्दर्भमा जम्मा पुरुष प्रतिशत ४७.७९ र महिला प्रतिशत ५२.२१ रहेको छ । नेपालको जम्मा जनसंख्याको परिप्रेक्ष्यमा यस क्षेत्रमा पुरुषहरुको तुलनामा महिलाको संख्या बढी देखिएको छ ।

### ४.१.४ जातिगत अवस्थाका आधारमा उत्तरदाताको विवरण

यस अध्ययन क्षेत्रका विभिन्न जातजातिका मानिसहरुको बसोवास रहेको छ । नमुना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएका यस गा.वि.स. का ३ वटा वडा (३, ४ र ७) का १० वटा जातिहरुको प्रतिनिधित्व भएको छ । तसर्थ अनुसन्धानको निम्ति छनौट भएका उत्तरदाताको जातिगत विवरण निम्नानुसार रहेको छ ।

**तलिका नं. ४.२ जातिगत आधारमा उत्तरदाताको विवरण**

| जतजाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | २२ | ३६.६७ |
| क्षेत्री | २ | ६.६७ |
| नेवार | ४ | ६.६७ |
| लेप्चा | २ | ३.३३ |
| राई | २ | ३.३३ |
| लिम्बु | २ | ३.३३ |
| कामी | १४ | २३.३३ |
| दमाई | ४ | ६.६७ |
| मगर | २ | ३.३३ |
| तमाङ्ग | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका बाहुन जातिका महिलाहरूको सङ्ख्या २२ छ जुन छनौटमा ३६.६७ प्रतिशत हुन आउँछ । त्यसै गरी अध्ययन यस गा.वि.स. का ३ वटै वडाहरुमा कामीहरुको पनि बाहुल्यता नै देखिन्छ जुन १४ जना अर्थात् २३.३३ प्रतिशत रहेको छ । उक्त अध्ययन क्षेत्रमा क्षेत्री, नेवार र दमाइहरूको पनि उपस्थिति देखिन्छ जुन ४ जना अर्थात् ६.६७ प्रतिशत रहेको छ  भने लेप्चा, राई, मगर, लिम्बुहरुको जनसंख्या जम्म २ अर्थात ३.३३ प्रतिशत हुन आउँछ ।

### ४.१.५ उमेरको आधारमा उत्तरदाताको विवरण

यस शोधपत्रमा ३० जना उत्तरदाताहरुको छनौट गरिएको छ । जसमा नमुना छनौटमा चयन भएका उत्तरदाताको विभिन्न उमेर समुहको संख्या रहेको छ । उत्तरदाताको संख्यालाई विभिन्न उमेर समुहमा राखी विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.३ :उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|
| १५-२९ | १४ | २३.३३ |
| ३०-४४ | ३६ | ६०.०० |
| ४५-५९ | १० | १६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

मथिको तालिका ४.३ बाट के थाहा हुन्छ भने अध्ययन क्षेत्रमा १५ वर्ष भन्दा कम उमेरका महिलाहरुलाई उत्तरदाताको रुपमा छनोट गरिएको छैन किनभने हामीहरुको समाजमा सामान्यतया १५ वर्षभन्दा माथिको उमेरको केटी मान्छेलाई अलि परिपक्क रुपमा लिइन्छ । त्यसैले अध्येताले १५ वर्षभन्दा बढी र ६० वर्षभन्दा मुनिका उत्तरदातालाई अध्ययनमा समावेश गरेको छ । ६० वर्षभन्दा माथिका महिलालाई अध्ययनमा समावेश नगर्नुको मुख्य कारण उनीहरुले उत्तरदिने कार्यलाई झन्झटिलो मान्नु रहेको थियो । १५ देखि ६० वर्ष उमेर समूहका महिलाहरु आफ्नो शैक्षिक अवस्था, परिवारले आफूलाई गर्ने व्यवहार, समाजले महिला प्रति हेर्ने दृष्टिकोण आदिका बारेमा बुझेका र सोधिएका प्रश्नहरुको उत्तर दिन सक्ने अवस्थाका रहेका छन् । माथिको तालिकाअनुसार अध्ययन क्षेत्रमा परेका महिलाहरुमध्ये १५-

२९ वर्षका १४ अर्थात २३.३३ प्रतिशत, ३० देखि ४४ वर्षका ३६ जना अर्थात ६० प्रतिशत, ४५ देखि ५९ वर्षका १० अर्थात १६.६७ प्रतिशत र ६० भन्दा माथि शुन्य प्रतिशत रहेका रहेका छन् ।

### ४.१.६ उत्तरदाताको शैक्षिक अवस्था

यस शान्तिपुर गा.वि.स. वडा नं. ३, ४ र ७ अन्तर्गत नमुना छनौटमा परेका ६० घरधुरी मध्येका सम्पूर्ण उत्तरदाताहरु महिला नै रहेका छन् । छनौट भएका महिला उत्तरदाताहरुको शैक्षिक अवस्थालाई छुट्टै अध्ययन गरिएको छ । उनीहरुको शैक्षिक अवस्थाको तालिका निम्नानुसार रहेको छ ।

**तलिका नं. ४.४ : उत्तरदाताहरुको शैक्षिक स्थिति**

| शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ६ | १०.०० |
| प्रा.वि. | १६ | २६.६७ |
| मा.वि. | ३० | ५०.०० |
| उ.मा.वि. | ६ | १०.०० |
| स्नातक | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिकाका अनुसार छनोट भएका उत्तरदाताहरुमध्ये ६ महिलाहरु साक्षर रहेका छन भने १६ जना प्रा.वि. तहको शिक्षा लिएका छन् । ३० जना अर्थात ५० प्रतिशत महिलाहरु माध्यमिक तहको शिक्षा लिएका छन् । छनौट गरिएका उत्तरदाताहरुमध्ये २ जनाले स्नातक तहको शिक्षा लिएका छन भने उच्च माध्यमिक शिक्षा लिएका जम्मा ६ जना अर्थात् १० प्रतिशत महिलाहरु रहेका छन् । यसबाट के देखिन आउँछ भने अध्ययन क्षेत्रमा महिलाहरु सवै लेख पढ गर्न सक्ने देखिएका छन यसो हुनुमा यहाँ पहिले प्रौढ शिक्षा सञ्चालमा आएको थियो । शिक्षाको तहगत आधारमा हेर्ने हो भने साक्षर मध्ये सवैभन्दा बढी मा.वि. मा छन् । दोस्रो स्थानमा प्रा.वि. अध्ययन गर्ने छन्, तर अध्ययनका क्रममा नि.मा.वि. मा अध्ययन गर्ने कोही पनि भेटिएनन् ।

### ४.१.७ वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको शैक्षिक विवरण

विवाह विश्वव्यापी सामाजिक संस्कार हो । यो निरन्तर चलिरहन्छ । विवाहले समाजलाई निरन्तरता दिन्छ । विवाह नै समाजमा महिलाको भूमिकालाई प्रष्ट्याउँदछ । जे कुरा पनि समयमा मात्रै भएको राम्रो हुन्छ भन्ने कुरा विवाह संस्कारमा पनि लागू हुन्छ । सानै उमेरमा विवाह हुनु पनि महिलाको लागि दुर्भाग्य कुरा हो । सानै उमेर जिम्मेवारी र बोझ अनि ठूलो हुने बित्तिकै बालवच्चाको स्याहार सुसार र घरधन्दा अधिकांश महिलाहरूको नियती नै हो । कम उमेरमा विवाह हुने केही महिलाहरूको स्थिति पनि यस गा.वि.स.मा यस्तै नै पाइयो ।

हाल आएर सानै उमेरमा विवाह हुने चलन लगभग हटिसकेको छ । केटाकेटीरू स्कुल जान्छन् । कम्तीमा पनि एस.एल.सी. पास वा अझ भनौँ उच्च शिक्षा हासिल नगरेसम्म प्रायः अभिभावकले छोरीको विवाह गर्न चाहँदैन् । त्यसैगरी स्वयम् केटीहरू पनि कम्तीमा बि.ए. पास नगरी विहे गर्न नहुने विचार व्यक्त गर्दछन् र केही बाहेक धेरैले विवाहको लागि असहमति जनाउने गर्दछन् । तर पनि कतै कतै अझै पनि दिने जातले राम्रो घर केटो पाइयो भने दिन पाए आनन्द हुन्छ भन्ने अभिभावकहरू पनि फाट्टफुट्ट देखिन्छन् । विवाहको सबै कुरा छिनेर अन्तिम अवस्थामा मात्र छोरीलाई सोध्ने चलन पनि यदाकदा पाइन्छ । केटीले नमाने पनि विभिन्न पारिवारिक दबाब दिई स्वीकृत लिने चलन यदाकदा पाइन्छ ।

समाजलाई सूचारु र नियमसँगत रुपले चलाउन मद्धत गर्ने विभिन्न संख्या मध्ये विवाह पनि एक हो । विवाह कुन उमेरमा गर्ने भन्ने कुरालाई समाजको सामाजिक तथा साँस्कृतिक पक्षहरुले प्रभाव पारेको हुन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको वैवाहिक अवस्थाको आधारमा यिनीहरुको जनसांख्यिक अवस्थाको विश्लेषण गरिएको छ ।

**तलिका नं. ४.५ : वैवाहिक अवस्थाका आधारमा उत्तरदाताको विवरण**

| वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ५६ | ९३.३३ |
| अविवाहित | ४ | ६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३ ।

माथिको तालिका अनुसार यस क्षेत्रका कुल उत्तरदाता ६० जना मध्ये विवाहित ५६ जना र अविवाहित ४ जना रहेका छन् भने एकल महिलाका रुपमा छुट्टै बसेको महिलाहरु छैनन् । तर ती ४ जना अविवाहित उत्तरदाताहरुले कसैले विधवा आमा पालेर बसेका छन भने कसैले बाबाको मृत्यु पश्चात आमा, भाइबैनीहरुलाई हेरचार गरेर बसेको अवस्था अध्ययन क्षेत्रका महिलाहरुमा पाइयो । माथिको तथ्यबाट के थाहा पाउन सकिन्छ भने शान्तिपुरका महिलाहरुमा विस्तारै विस्तारै शिक्षाको उज्यालो घामले उनीहरुको सोचाइमा पनि फरक पना ल्याएको देखिन्छ । नेपालको परिप्रेक्ष्यमा विधवाको संख्या २०११ को जनगणना अनुसार ४९८६०६ रहेको छ । त्यसैको प्रतिकात्मक रुपमा यहाँ पनि पाउन सकिन्छ । यहाँका महिलाहरुले विधवा आमालाई पालेर बस्नुका साथसाथै आफ्नो अध्ययन लाई पनि अगाडि बढाउनुलाई यहाँका महिलाहरुमा आएको सकारात्मक परिवर्तनका रुपमा लिन सकिन्छ ।

### ४.१.८ परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण

परिवार एउटा यस्तो सामाजिकसंस्था हो जसले जैविक प्राणीको रुपमा रहेको मानवलाई सामाजिक रुपमा रुपान्तरण गर्ने कार्यको सुरुवात गर्दछ । परिवारको संरचनाको आधारमा परिवारलाई विभिन्न प्रकारमा विभाजन गरिएको हुन्छ । ग्रामीण परिवेशको यस अध्ययन क्षेत्रमा प्राय एकल परिवारहरु नै रहेका छन् । परिवारको प्रकारको आधारमा उत्तरदाताको परिवारको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ४.६ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ४८ | ८०.०० |
| संयुक्त परिवार | १२ | २०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३ ।

तालिका अनुसार ६० जना उत्तरदताहरुमध्ये ४८ जनाको परिवार एकल परिवारको रुपमा रहेको छ भने १२ जनाको परिवार संयुक्त परिवारको रुपमा रहेको छ । एकल परिवारको संख्या बढी हुनुमा विवाह पश्चतात छुट्टिएर बस्ने प्रथा रहेको पाइन्छ । यी परिवारमा घरमुलीका रुपमा पुरुषहरु नै रहेको देखिन्छ । पहिले पहिले नेपाली समाजमा संयुक्त

परिवारको पनि विकास भएको देखिन्छ तर अहिले एक्काइसौं शताब्दीमा आएर मानिसहरु एकल परिवारमा बस्न रुचाउने खालका देखिन्छन किनभने एकल परिवारमा बस्दा उनीहरुको शैक्षिक एवम चौतर्फी विकास हुने कुरालाई पश्चिमाहरुको संस्कृतिले प्रभाव पारेको देखिन्छ ।

### ४.१.९ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण

यहाँका मुख्य पेशा कृषि रहेता पनि हाल आएर यहाँका मानिसहरु कृषि बाहेक अन्य पेशा विशेष गरी वैदेशिक रोजगार, व्यापार, नोकरी तथा अन्य पेशामा संलग्न हुँदै गएको देखिन्छ । छनौट भएका उत्तरदाताहरुको पेशा अनुसार विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ४.७ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण**

| पेशागत अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४४ | ७३.३३ |
| व्यापार | २ | ३.३३ |
| नोकरी | ८ | १३.३३ |
| गृहिणी | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तलिका नं. ४.७ अनुसार उत्तरदाताको पेशा हेर्दा ४४ जना महिलाको मुख्य पेशा कृषि रहेको छ भने २ जना महिलाको पेशा व्यापार, ८ जना महिला नोकरी (जागिर) र ६ जना महिला गृहिणी रहेका छन् । मुख्य पेशा बाहेक यी महिला मध्ये केही अध्ययनरत र कृषि कार्यमा समेत संलग्न रहेका छन् । हामो नेपाली समाजमा महिलालाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा नै फरक पना रहेको छ । महिलाहरुलाई प्राय गरेर पढ्नकै लागि भनेर समय छुट्टै नदिने गरिएको देखियो जसले गर्दा अन्य पेशामा अध्ययन क्षेत्रको हकमा शिक्षण पेशामा लागेका महिलाहरुमध्ये केही महिलाहरु अध्ययनरत पनि र बाँकी समय घरको खेती किसानीमा पनि लाग्ने गरेको पाइएको थियो । नेपाल एक कृषि प्रधान देश भएको हुनाले यहाँका महिलाहरुको पनि कृषि पेशामा ठूलो रुपमा सहभागिता रहेको देखिन्छ । जवकि नेपालमा कृषि पेशा अपनाउनेको संख्या जनगणना २०११ का अनुसार ८० प्रतिशत भन्दा माथि रहेको छ ।

### ४.१.१० शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरुको विवरण

शिक्षामा सहभागिता उत्तरदाताहरु औपचारिक तथा अनौपचारिक दुवै खाले शिक्षामा सहभागी भएकाले त्यसका अधारमा पनि उनीहरुको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८ : शिक्षाको किसिमको आधारमा उत्तरदाताका विवरण**

| शिक्षाको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| औपचारिक शिक्षा | ५४ | ९०.०० |
| अनौपचारिक शिक्षा | ६ | १०.०० |
| जम्मा | २४ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका नं. ४.८ अनुसार शिक्षामा संलग्न उत्तरदाता मध्ये ५४ महिलाले औपचारिक शिक्षा लिएका छन भने बाँकी ६ जना महिलाहरुले अनौपचारिक शिक्षामा संलग्न भएको देखिन्छ । विद्यालय नजिक नहुनु, छोरीलाई स्कुल पठाउनु हुँदैन भन्ने सामाजिक धारणा, आर्थिकसमस्या घरको कामको बोझले र सानै उमेरमा विवाह गरिदिने जस्ता कारणले गर्दा पहिलाका महिलाहरु विद्यालय जान नपाएको र अहिले सरकारले निरक्षर हटाउने उद्देश्यले अनौपचारिक शिक्षा संचालन गरेको हुनाले उनीहरु आफ्नो नाम लेख्न, सहि गर्न र साधारण रुपमा पढन सक्ने भएका देखिन्छन् । २०११ को जनगणना अनुसार नेपालमा ६५.९ जनसंख्या सक्षर रहेका छन् । नेपालमा विभिन्न शिक्षासँग सम्बन्धित गतिविधिहरु जस्तै प्रौढ शिक्षा जस्ता गतिविधिहरुले नेपाली ग्रामीण समाजमा शिक्षाको प्रकार फैलाउन सफल भएको छन् । सो क्षेत्रमा पनि यस्तै प्रकारका गतिविधिहरुको उपलब्धी स्वरुप ६ जना महिलाहरु अनौपचारिक शिक्षा लिएको भेटिएको थियो ।

## ४.२ अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था

महिलाहरू पछि पर्नुको मुख्य कारण पनि महिलाहरूको शिक्षामा राम्रो पहुँच नहुनु नै हो । शिक्षाको कमी नै मुख्य कारक तत्व हो जसको कारण महिलाहरूको स्थिति अत्यन्तै नाजुक छ । आधा भन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरू अशिक्षित हुनु, पिछडिनु अनि अन्धकारमा रूमलिनु भनेको समाज अपांग हुनु सरह हो । पुरै समाज शिक्षित हुन सके मात्र महिलाहरू अनि समाजकै विकास संभव हुन्छ । शिक्षाले चेतना ल्याउँछ, चेतनाले समाजलाई अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउन सक्छ । समाजको सही परिवर्तन गराउँछ ।

वि.सं. २०६८ को जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत पुरूष ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत छ भने जम्मा ६५.९ प्रतिशत साक्षर छन् । नेपालमा साक्षरता बढाउन सरकारी गैरसरकारी स्तरमा विभिन्न प्रयासहरू भइरहेका छन् । अहिले धेरैजसो अभिभावकहरू सचेत भइसकेका छन् । प्रत्येक अभिभावकले आफ्ना सन्तानलाई शिक्षा दिन चाहन्छन् । कुनै पनि समाजलाई चेतनशील र क्रियाशिल बनाउनका लागि शिक्षाको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले सामाजिक कार्यमा प्रत्यक्ष असर पार्दछ । परिवारमा महिला शिक्षित भएमा सिङ्गो परिवार नै शिक्षित हुन्छ । यसरी पुरै परिवार शिक्षित भएमा समुन्नत समाजको निर्माणमा सहयोग पुग्दछ । त्यसैले आधा भन्दा बढी जनसंख्या ओगटेका महिला शिक्षाको विकास गर्न निकै आवश्यक देखिन्छ ।

यस शीर्षक अन्तर्गत इलाम जिल्ला शातिपुर गा.वि.स. वडा नं. ३, ४ र ७ का महिलाहरुको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने विषयमा चर्चा गरिएको छ । यसै क्रममा छनौट भएका उत्तरदाता र तिनको परिवारको शैक्षिक अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

### ४.२.१ जातीगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था

विभिन्न जात जातिको बसोवास रहेको यस समाजमा जातिगत रुपमा उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा पनि फरक देखिन आउँछ । उक्त तथ्यलाई तलको तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. ४.९ : जातिगत आधारमा उत्तरदाताको शैक्षिक अवस्था**

| जतजाति | साक्षर | प्रा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ब्राम्हण | ० | २ | १६ | ४ | ० | २२ | ३६.६७ |
| क्षेत्री | ० | ० | ० | ० | २ | २ | ६.६७ |
| नेवार | २ | ० | २ | ० | ० | ४ | ६.६७ |
| लेप्चा | ० | २ | ० | ० | ० | २ | ३.३३ |
| राई | ० | २ | ० | ० | ० | २ | ३.३३ |
| लिम्बु | ० | | ० | २ | ० | २ | ३.३३ |
| कामी | ० | ४ | १० | ० | ० | १४ | २३.३३ |
| दमाई | ० | ४ | ० | ० | ० | ४ | ६.६७ |
| मगर | ० | २ | ० | ० | ० | २ | ३.३३ |
| तमाङ्ग | ४ | | २ | ० | ० | ६ | १० |
| जम्मा | ६ | १६ | ३० | ६ | २ | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तलिका अनुसार बाहुन जातिमा २२ जना मध्ये क्रमश, २ जना प्रा.वि., १६ जना मा.वि., र ४ जना उ.मा.वि., क्षेत्री जातिमा २ जना मध्ये २ जनानै स्नातक तह, नेवार जातिमा ४ जना मध्ये २ जना मा.वि. र २ जना साक्षर, लेप्चा र राइ जातिमा २ जना प्रावि, लिम्बु जातिमा २ जना उ.मा.वि., कामी जातिमा ४ जना प्रा.वि. र १० जना मा.वि., दमाइ जातिमा ४ जना प्रा.वि. मगर जातिमा २ जना प्रा.वि. र तामाङ्ग जातिमा ४ जना साक्षर र २ जना मा.वि. तहका उत्तरदाता रहेका थिए ।

माथिको तालिकाबाट के देखिन आउँछ भने सबै जातिमा कोही पनि निरक्षर महिलाहरु नभएको पाइयो । अध्ययन क्षेत्रमा उत्तरदाताहरु मध्ये क्षेत्री जातिको शैक्षिक स्थिति राम्रो भएको पाइयो । क्षेत्री जातिमा अन्य जातिमा भन्दा सामाजिक, आर्थिक र सांस्कृतिक रुपमा महिलाहरु सुसज्जित भएको हुँदा अन्य जातिका महिलाहरुभन्दा माथिल्लो तहसम्म पठनपाठन गर्न पाएको कुरा यो अध्ययनबाट बुझ्न सकिन्छ ।

### ४.२.२ उमेर समुहको आधारमा उत्तरदाताको शैक्षिक अवस्था

कुनै पनि मानिसको उमेरले उसको शैक्षिक अवस्थालाई प्रभाव पारेको हुन्छ । उमेर अनुसार शैक्षिक अवस्थाको अध्ययन गर्दा धेरै वर्ष पहिलेका र अहिलेका महिलाहरुको तुनलात्मक शैक्षिक अवस्था थाहा पाउन सकिन्छ । यिनै कुराको महसुस गरी यस अध्ययन क्षेत्रका उत्तरदाताको उमेरगत आधारमा शैक्षिक अवस्थाको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१० : उमेरगत अधारमा उत्तरदाताको शैक्षिक स्थिति**

| उमेर समूह | साक्षर | प्रा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १५-२९ | ० | ४ | ६ | ४ | | १४ | २३.३३ |
| ३०-४४ | २ | ८ | २२ | २ | २ | ३६ | ६० |
| ४५-५९ | ४ | ४ | २ | | | १० | १६.६७ |
| जम्मा | ६ | १६ | ३० | ६ | २ | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

तालिका नं. ४.१० मा १५ देखि २९ वर्ष सम्मका उत्तरदातामा प्रा.वि. तहका ४ जना मा.वि. तहका ६ जना, उमा.वि. तहका ४ जना रहेका छन् भने ३० देखि ४४ वर्ष उमेर समूहमा २ जना साक्षर, ८ जना प्रा.वि., २२ जना मा.वि., २ जना उ.मा.वि. र २ जना स्नातक रहेका छन् । त्यसै गरी ४५ देखि ५९ उमेर समुहमा ४ जना साक्षर, ४ जना प्रा.वि., २ जना उमा.वि. तहका रहेका छन भने ६० भन्दा माथि उमेर समुहमा कुनै पनि उत्तरदाता परेका छैनन् । यसबाट के देखिन आउँछ भने जति उमेर समुह बढ्दै जान्छ त्यसै अनुसार शिक्षाको तह  घट्दै गएको देखिन्छ । त्यस्तै ४६ वर्ष भन्दा माथिका महिलाहरु धेरै साक्षर र प्रा.वि. तहका मात्र भेटियो । अध्ययन क्षेत्रमा तुलनात्मक रुपमा बढी उमेरका महिलाहरुभन्दा कम उमेरका महिलाहरुको शैक्षिक स्थिति राम्रो हुनुमा समयको गतिसँगै पठन पाठन गर्ने गतिविधिमा पनि परिवर्तन आएको पाइन्छ जसरी २००१ को जनगणनामा नेपालको कुल साक्षरता दर ५४.१ बाट बढेर २०११ मा ६५.९ पुगेको तथ्य जनगणनाबाट थाहा  पाउन सकिन्छ ।

### ४.२.३ वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था

समाजलाई निरन्तरता दिने विभिन्न संख्या मध्ये विवाह पनि एक हो । महिलाको वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एक अर्कामा जोडिएको हुन्छ । हाम्रो समाजमा महिलाहरुले पढाइलाई निरन्तरता दिने कुरामा विवाह अघि र पछि फरक फरक परिस्थीति सिर्जना भएको देखिन्छ । तसर्थ यस अध्ययनमा वैवाहिक स्थितिका आधारमा महिलाहरुको शैक्षिक अवस्थालाई थाहा पाउनको लागि विवाहित र अविवाहित महिलाहरुको अध्ययन गरिएको छ । वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्थाको विवरण निम्नानुसार रहेको छ ।

**तलिका नं. ४.११ : वैवाहिक स्थितिका आधारमा उत्तरदाताको शैक्षिक अवस्था**

| वैवाहिक अवस्था | साक्षर | प्रा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| विवाहित | ६ | १४ | ३० | ६ | ० | ५६ | ९३.३३ |
| अविवाहित | ० | २ | ० | ० | २ | ४ | ६.६७ |
| जम्मा | ६ | १६ | ३० | ६ | २ | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तलिका नं. ४.११ अनुसार वैवाहिक स्थितिका आधारमा यहाँको शैक्षिक अवस्था हेर्दा विवाहितमा साधारण लेखपढ ६, प्रा.वि. १४, मा.वि. ३० र उ.मा.वि. ६ गरी जम्मा ५६ जना रहेका छन् भने अविवाहितमा प्रा.वि. २ जना र स्नातक तहका २ जना गरी जम्मा ४ जना रहेका छन् । माथिको तथ्यांक अनुसार प्रा.वि., नि.मा.वि. र उ.मा.वि. तहमा अविवाहित भन्दा विवाहित संख्या बढी छ भने अविवाहिता उत्तरदाता जम्मा २ जना स्नातक तहमा पाइयो । यसबाट के देखिन आउँछ भने विवाह पश्चात महिलाहरुको शिक्षाको निरन्तरता घट्दै गएको देखिन्छ । विवाह पश्चात् घरको काम, खेतीपाती, बुढा सासूससुरा, परिवार, बच्चा पछि पढाइलाई समय नहुने हुँदा प्रायले विवाह पश्चात् पढाइ छाडेको बताए । अविवाहित हुँदा भने घरको काम गरेपछि सासुससुरा बच्चा परिवार हुँदैनन् भए पनि बुबा आमाले हेर्ने हुँदा कामको त्यति बोझ नहुने र समय हुने हुँदा पढाइलाई निरन्तरता दिन पाउने बताउँछन् ।

### ४.२.४ परिवारको किसिमका आधारमा उत्तरदाताको शैक्षिक अवस्था

परिवार एउटा यस्तो सामाजिक संस्था हो जसले मानिसलाई सामाजिक रुपमा रुपान्तरण गर्ने कार्यको सुरुवात गर्दछ । नेपालमा खास गरी २ परिवारको संरचनाको आधारमा परिवारलाई विभिन्न प्रकारमा विभाजन गरिएको हुन्छ, एकल परिवार र संयुक्त परिवार । नेपालको परिवेशमा पहिले पहिले संयुक्त परिवारमा बस्न रुचाउने भए तापनि अहिले आएर मानिसहरु एकल परिवारमा नै रमाउन थालेको कुरा समाजमा एकल परिवारको बढोत्तरी हुनुले अनुमान लगाउन सकिन्छ । इलाम जिल्ला शान्तिपुर गा.वि.स. ग्रामीण परिवेशको स्थान भएको हुनाले यस अध्ययन क्षेत्रमा प्राय एकल परिवारहरु नै रहेका छन् । परिवारको प्रकारको आधारमा उत्तरदाताको शैक्षिक स्थितिको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ४.१२: परिवारको प्रकारका आधारमा उत्तरदाताको शिक्षाको विवरण**

| परिवारको प्रकार | साक्षर | प्रा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| एकल परिवार | ० | १४ | २६ | ६ | २ | ४८ | ८० |
| संयुक्त परिवार | ६ | २ | ४ | ० | ० | १२ | २० |
| जम्मा | ६ | १६ | ३० | ६ | २ | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तलिका नं. ४.१२ अनुसार ६० जना उत्तरदताहरुमध्ये ४८ जनाको परिवार एकल परिवारको रुपमा रहेको छ भने १२ जनाको परिवार संयुक्त परिवारको रुपमा रहेको छ । एकल परिवारको संख्या बढी हुनुमा विवाह पश्चात् छुट्टिएर बस्ने प्रथा रहेको पाइन्छ । त्यस्तै एकल र संयुक्त परिवारका महिलाहरु प्रायः शिक्षत नै देखियो । एक परिवारमा माध्यमिक स्नातक तह सम्म २ जनाले अध्ययन गरेका छन् भने संयुक्त परिवारमा पनि प्रायः शिक्षित नै देखिए पनि ४ जनाले माध्यमिक तहसम्म अध्ययन गरेको देखियो ।

### ४.२.५ पेशागत अवस्थाका आधारमा उत्तरदाताको विवरण

नेपाल एक कृषि प्रधान देश हो । यहाँका ८२ प्रतिशत मानिसहरुको जिविकोपार्जनको मुख्य स्रोत कृषि नै हो । एक्काइसौं शताब्दीको विश्वव्यापीकरणको तरंगले नेपाली कामदारहरु विदेशिएर आएको रेमिट्यान्स पनि अहिलेको दशकमा आएर आयआर्जनको मेरुदण्ड नै मान्न थालिएको छ । यसैको प्रभावबाट यस शान्तिपुर गा.वि.स का मानिसहरु पनि अछुतो रहन सकेका छैनन् । यहाँको मुख्य पेशा कृषि रहे तापनि हाल आएर यहाँका मानिसहरु कृषि बाहेक अन्य पेशा विशेष गरी वैदेशिक रोजगार, व्यापार, नोकरी तथा अन्य पेशामा संलग्न हुँदै गएको देखिन्छ । छनौट भएका उत्तरदाताहरुको पेशा अनुसार विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१३ : पेशागत अवस्थाका आधारमा उत्तरदाताको शिक्षाको विवरण**

| पेशा | साक्षर | प्रा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| कृषि | २ | १४ | २६ | २ | | ४४ | ७३.३३ |
| व्यापार | ० | २ | ० | ० | ० | २ | ३.३३ |
| नोकरी | ० | ० | ४ | २ | २ | ८ | १३.३३ |
| गृहिणी | ४ | ० | ० | २ | | ६ | १० |
| जम्मा | ६ | १६ | ३० | ६ | २ | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

तलिका अनुसार उत्तरदाताको पेशा हेर्दा ४४ जना महिलाको मुख्य पेशा कृषि रहेको छ भने ८ जना महिलाको पेशा नोकरी (जागिर), ६ जना महिला गृहिणी र २ जना महिला व्यापारमा संलग्न रहेका छन् । मुख्य पेशा बाहेक यी महिला घरधन्दा र कृषि कार्यमा समेत संलग्न रहेका छन् । जागिर गर्ने ८ जना मध्ये उ.मा.वि. तह र स्नातक तहका महिलाहरुले पहिलो प्राथमिकता आफ्नो जागिरलाई दिए पनि साथसाथै पढाइ पनि गर्ने गरेको बताएका थिए ।

कृषि पेशा गर्ने ४४ जना महिलामध्ये २ जना साक्षर, १४ जना प्राथमिक तहसम्म र २६ जना माध्यमिक, २ जना उ.मा.वि. तहसम्म पढेको पाइयो भने व्यापार गर्नेहरुमा पनि २ जना प्रा.वि.का पाइयो । नोकरीमा भने ४ जना मा.वि. तहसम्म, २ जना उमावि. तहसम्म

र २ जना स्नातकतहसम्मका भेटियो । यसबाट के देखिन आउँछ भने आफ्नो पेशा बाहेक महिलाहरु कृषि तथा घरायसी काममा पनि आबद्ध हुँदा रहेछन् ।

### ४.२.६ उत्तरदाताको महिला शिक्षा प्रतिको धारणा

महिला शिक्षा सम्बन्धी आफ्नो धारणा राख्ने उत्तरदाताहरुले महिलालाई शिक्षा दिन आवश्यक छ भनेका छन् । उनीहरुले जागिर खाइ पैसा कमाउन, आत्म निर्भर बन्न, रोजगारीको अवसर प्राप्त गर्न, तथा आफू लगायत आफ्नो परिवार शिक्षित गराउन महिला शिक्षाको आवश्यकता महससु गरेका छन् । त्यसै गरी समाजमा आफू शिक्षित भई जनचेतना जगाई अरु महिलालाई पढ्न प्रोत्साहन गर्न, आफूले पढेर कुनै पनि व्यवसाय गर्न, सक्षम हुन, नयाँ तथा आधुनिक प्रविधिहरु थाहा पाउन महिलालाई शिक्षाको आवश्यकता छ भनेका छन् । केही उत्तरदाताहरुले फोन, मोवाइल र इन्टरनेटबाट देश विदेशमा रहेका आफन्तहरुसँग कुरा गर्न र संसारमा भएका विकासका गतिविधिहरु थाहा पाउन र हेर्नको लागि पनि पढ्नु पर्ने धारणा राखेका छन् ।

## ४.३ महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरु

नेपाली समजमा शिक्षामा पुरुष र महिला बीच समानुपातिक अवस्था विद्यमान रहन नसक्नुका मुख्य कारण शिक्षामा गरिने लैङ्गिक विभेद नै हो । समाजका यस्ता किसिमका विभेदहरु सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक आदि जस्ता तत्वहरुको आडमा गर्ने गरिएको छ । जसले महिला शिक्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित गरिहेका छन् । शिक्षामा हुने महिलाको शुरु सहभागिता देखि लिएर सहभागी भइसकेकाहरुको निरन्तरता सम्म यी तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् । तिनै तत्वहरु हुन जसले विगतमा महिलाको शिक्षामा हुने शुरु सहभागिता माथि नियन्त्रण गर्दथे भने वर्तमान महिलाको शिक्षामा हुने निरन्तरता माथि अवरोध खडा गर्ने काम गरिरहेका छन् । समग्रमा ती विभिन्न तत्वहरुले एक त महिलाको शिक्षामा हुने निरन्तरता माथि नै प्रभावित गरिरहेका हुन्छन भने महिला पुरुष दुवैको उच्च शिक्षा सम्म नै समान पहुँच कायम राख्ने जस्ता महतवपूर्ण विषयमाथि प्रभावित र नियन्त्रण गरिरहेका हुन्छन । त्यसैले यस अनुसन्धानमा गरिएका विभिन्न खोजमूलक प्रयासहरुको परिणाम स्वरुप महिला शिक्षालाई प्रभावित गर्ने केही जिम्मेवार तत्वहरुको पहिचान हुन आएको छ । यसरी प्राप्त हुन आएका महिला शिक्षालाई प्रभावित

गर्ने केही जिम्मेवार तत्वहरुलाई उत्तरदाताहरुले दिएको प्राथमिकता तथा महत्वको आधारमा सुचिकृत गरिएको छ, जुन निम्नानुसार रहेका छन् ।

### ४.४ पारिवारिक पृष्ठभूमी

हरेक मानिस कुनै न कुनै परिवारको एक प्रतिनिधि वा सदस्यका रुपमा रहेकोले उसका वानी, व्यवहार, क्रियाकलाप, चालचलन आदि जस्ता कुराहरुमा उ आफु रहे बसेको परिवारको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । त्यसैले पारिवारिक पृष्ठभूमी महिला शिक्षालाई प्रभावित गर्ने कारक तत्वको रुपमा रहेको छ । परिवारका विभिन्न मूल्य मान्यता प्रथा प्रचलन, व्यवहार अनि परिवारको आकार र उनीहरुको शैक्षिक अवस्थाको जगमा महिला शिक्षा उभिएको हुन्छ ।

महिला शिक्षालाई प्रभावित गर्ने अझ महत्वपूर्ण तत्व परिवारको शैक्षिक अवस्था वा वातावरण हो । परिवारमा आफूभन्दा ठूला सदस्यहरु शिक्षित छन् भने स्वाभाविक रुपमा त्यस परिवारका महिलाहरु पनि शिक्षित हुन सक्छन तर आफू भन्दा साना सदस्यहरु शिक्षित भएर खासै कुनै योगदान दिन सक्दैन । त्यसैले शैक्षिक सहभागिता अनि त्यसको निरन्तरतामा परिवारको शैक्षिक अवस्थाको ठूलो प्रभाव रहेको हुन्छ । बाबु आमा वा दिदीहरु शिक्षित भएमा बहिनिको र सासु ससुरा वा श्रीमान् शिक्षित भएमा बुहारीको शैक्षिक अवस्था सवल बन सक्दछ । आफ्नो परिवारका महिला सदस्यहरु त्यसमा पनि विशेष गरी छोरीलाई समयमा विद्यालय पठाउने जस्ता कार्यमा समेत परिवारका सदस्यको शैक्षिक स्तरले प्रभावित पारेको देखिएको छ । ३ जना उत्तरदातासँग लिइएको अन्तरवार्तामा २ जना उत्तरदाताहरु उनीहरुको बुबा शिक्षक भएकोले, १ जनाको बुबा जागिरे भएकाले उच्च मा. वि. सम्म पढ्न पाएको बताउँछन् । १ जना विवाहित उत्तरदाताले भने आफ्नो श्रीमान् वकिल भएकोले पढाइमा निरन्तरता पाएको बताएकी छिन् ।

### ४.५ कार्यबोझ

कृषि प्रधान देश नेपालका जनताहरुले काममा धेरै नै खट्नु पर्ने बाध्यता रहेको छ । त्यसमा पनि हाम्रो समाजमा पुरुषको तुलनामा महिलाले नै बढी काम गर्नुपर्ने बाध्यतात्मक अवस्था छ । अनुसन्धानको निमित्त छनौट भएका ६० परिवारको कार्यबोझ सम्बन्धी अवस्थालाई हेर्ने हो भने पुरुषहरु प्रायः घर बाहिरका काममा संलग्न रहेका हुन्छन भने महिलाहरु घरभित्र र

घर बाहिर दुवै तर्फका काममा सहभागि रहेका देखिन्छन् । त्यसै गरी अनुसन्धानको क्रममा उत्तरदताहरुलाई घरको घरायसी काम कसले बढी गर्दछ र किन ? त्यस्तै बच्चाहरुले कुन कुन काममा सघाउँछन् भन्ने प्रश्नहरु राखिएको थियो, जसमा बुहारी भएको घरमा बुहारीले बुहारी नभएको घरमा छोरी छ भने छोरीले र यदि छोरी बुहारी छैनन भने उत्तरदाता महिला आफैले नै घरको सम्पूर्ण काम गर्ने जस्ता सम्पूर्ण महिलाहरुको भनाइ रहेको छ ।

यस प्रकार कामको बढी बोझको कारणले कतिपय महिलाहरुलाई अध्ययनमा संलग्न हुन मौका नै दिइँदैन भने मौका पाएकाहरुलाई पनि विद्यालयबाट छुटाइन्छ । काम धन्दाको कारण विद्यालय नपठाउनु पुरुषभन्दा महिलालाई नै रोज्ने परिपाटी रहेको छ । त्यसै गरी विद्यालयबाट नछुटाइएका महिलाहरु पनि परम्परागत घरभित्र र घरबाहिरका कामको बोझले गर्द बारम्बार परीक्षामा असफल भई अन्ततोगत्वा अध्ययन नै छोड्न बाध्य भएका छन् । महिलाहरु स्वयं पनि त्यस्तै परिवेशमा आफूलाई ढालेर पुरुषलाई माथिल्लो स्तरमा राखेका छन् ।

उत्तरदाता महिलाहरु मुख्य पेशा बाहेक घरधन्दाको काम  आफै गर्नु पर्ने हुँदा कामको बोझ बढी भएको बताएका छन् । हाल अध्ययनरत ४ जना उत्तरदातासँग लिइएको अन्तरवार्तमा उनीहरुको भनाइ एकै खालको पाइएको थियो । उनीहरु घर भित्र र बाहिरको काममा सहयोग गर्नुपर्ने हुँदा विद्यालय समय बाहेक पढाइलाई धेरै समय नपाउने बताउँछन् ।

उत्तरदाता मध्येकी एक २८ वर्षीय स्नातकमा पढ्ने शमिच्छा खातीको भनाइ यस्तो छ । “म एक छोराको आमा छु । २३ वर्षमा १२ सकिएपछि मेरो विहे भयो । म बुहारीको भूमीकामा घर भित्र र बाहिरको काम गर्दै आएकी छु । हाल ११ महिनाको छोराको स्याहार र घरको कामको बोझले मैले घरमा पढ्ने समय नपाएकोले पढाइमा साह्रो असर परेको छ । अब पढ्न सक्तिन जस्तो लाग्छ ।”

माथिको तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने महिलाले घर भित्र र बाहिरको कममा लाग्नु पर्ने बाध्यता रहेको यहाँको समाजमा महिलाको कार्य बोझ अध्ययनमा संलग्नता तथा निरन्तरताको लागि प्रत्यक्ष रुपमा असर गर्ने भएकोले यो महिलाको शिक्षा क्षेत्रलाई प्रभाव पार्ने एक महत्वपूर्ण तथ्य हो ।

### ४.६ आर्थिक अवस्था

आर्थिक अवस्था महिलाको शिक्षण संस्थामा हुने प्रथम सहभागितामा र त्यसको निरन्तरतामा मात्र प्रभाव नपारी शैक्षिक अवसर र सुविधा समेतमा नकारात्मक असर पुऱ्याएको हुन्छ आर्थिक अवस्था राम्रो भयो भने शिक्षाको माथिल्लो तहसम्म निरन्तर अध्ययन गर्न सक्ने सम्भावना रहन्छ । तर आर्थिक अवस्था कमजोर रहेको छ भने जतिसुकै क्षमतावान र लगनशील व्यक्ति भए पनि माथिल्लो तहसम्म शिक्षा लिनबाट बञ्चित हुनुपर्ने बाध्यता रहेको हुन्छ । गरिवीको कारणले एक त कार्यभार बढ्न गई अध्ययनमा संलग्नता र निरन्तरतामा विराम लगाउँछ भने अर्को तर्फ अध्ययनमा संलग्न रहिरहेकाहरु पनि कार्यबोझको कारणले पढ्ने समयको अभावमा अध्ययनमा कमजोर हुन गई बारम्बार परीक्षामा असफल भएको कारणले शैक्षिक अवस्था न्यून हुने मात्र होइन अन्ततोगत्व अध्ययन कै निरन्तरतामा ठेस लाग्ने गर्दछ ।

जुनसुकै क्षेत्र वा ठाउँमा मानिसको जीवनस्तर उनीहरुको आर्थिक अवस्थाले निर्धारण गर्दछ। सोही अनुसार आर्थिक अवस्थाले निर्धारण गरे बमोजिम यस क्षेत्रका मानिसहरुको जीवनस्तर उच्च किसिमको देखिदैन । आर्थिक अभावको कारण अधिकांश समय काममा लाग्नु पर्ने वाध्यता रहेको यहाँको समाजमा गरिविले शैक्षिक क्षेत्रलाई पनि नराम्रो प्रभाव पारेको छ । उत्तरदाता मध्ये प्रायजसोले केवल गरिवि कै कारण आफ्नो पढ्ने इच्छा हुँदा हुँदै पनि अध्ययनमा संलग्न हुन नपाएको र भएकाले पनि निरन्तरता दिन नसकेको धारणा राखेका छन् ।

उत्तरदाता शान्तिपुर ४ की १ छोरा १ छोरीको आमा वर्ष २७ कि माया लिम्बुको भनाइ यस्तो छ । “घरको आर्थिक अवस्था कमजोर थियो । आमा र बुबा गाउँमा काममा जानु हुन्थ्यो । हाम्रो आर्थिक अवस्था धेरै नै कमजोर भएका कारण खान नपुगी पढाइ छोडेर म पनि काममा लागे । त्यतिखेर १० मात्रै पढेको भए पनि हाम्रो परिवारको दुःख देखेर एक जनाले जागिर लगाइ दिन्छु भन्नु भएको थियो तर पढाइले गर्दा जागिर खान पाइएन अहिले साह्रै दुःख लाग्छ । त्यतिखेर पढ्ने बेलामा अर्काको घरमा काम गर्न जानु पऱ्यो बाध्यताले मेरो पढ्ने इच्छा अपुरो रह्यो ।”

माथिका तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने आर्थिक अभावको कारण अधिकांश समय काममा लाग्नु पर्ने बाध्यता रहेको यहाँका समाजमा गरिविले शैक्षिक क्षेत्रलाई पनि नराम्रो प्रभाव पारेकोले आर्थिक अवस्था महिला शिक्षालाई प्रभाव पार्ने महत्वपूर्ण तत्व हो ।

## ४.७ चेतनाको कमी

ग्रामीण बस्तीहरुको बाहुल्यता रहेको नेपाली समाजमा शिक्षा आवश्यक छ भन्ने कुराको चेतना अझैसम्म पनि देशका कुना काप्चामा पुग्न सकेको छैन । शिक्षाले के गर्दछ यो प्राप्त गर्नु किन आवश्यक छ र जीवनमा यसको महत्व के छ ? आदि जस्ता कुराहरुको जानकारी नहुँदा ग्रामीण क्षेत्रका मानिसहरु अझै शिक्षाको महत्वलाई बुझ्न नसकी अशिक्षाको चपेटामा परेका देखिन्छन् । अनुसन्धानको निमित्त छनौट भएको यो क्षेत्र पनि तिनै ग्रामीण समाज मध्ये एक भएकोले उक्त तथ्यको अपवाद हुन सक्दैन् । विगतका दिनहरुमा महिलालाई पढ्ने र पढाउनु आवश्यक छ भन्ने कुराको चेतना अभिभावक र स्वयं महिलामा पनि नभएको अध्ययनमा संलग्न रहेका उत्तरदाताहरुको धारणा छ । चेतनाको अभावका कारण यहाँका समाजमा महिलाहरु पढाउने चलन विगतमा नहुनाले स्वयम महिलाहरु पनि पढन नगएको देखिन्छ भने वर्तमानमा छोरीले पनि पढ्नु पर्दछ भन्ने मान्यता कायम रहेको उत्तरदाताहरु बताउँछन् । तर सामान्य तथा माध्यमिक शिक्षा लिने बेलामा नै विवाह गरिदिने परिपाटी र विवाह पछाडी पढाउनु नपर्ने भन्ने मान्यताले गर्दा माध्यमिक शिक्षा पछि पर्छ भन्ने बर्तमानमा पनि महिलाहरुको कम संलग्नता रहन गएको देखिन्छ ।

उत्तरदाताहरु मध्ये ५१ वर्षकी पद्मा तामाङ, ४५ वर्षकी विष्णुमाया तामाङ, ५० वर्षकी मेनुका र ४८ वर्षकी भीमकुमारी राइले पढन रुची नभएको र पढ्नु पर्दछ भन्ने चेतना नभएका कारण विद्यालय नगएको धारणा राखेका छन । तर अहिले उनीहरु प्रौढ शिक्षामा सहमागी भएको र आफ्नो सही गर्न सक्ने भएको बनाउँछन् ।

त्यस्तै वर्ष ३७ कि तुलशा बराइलीको भनाइ यस प्रकार छ । “म ७ वर्षको उमेरमा स्कुल भर्ना भएकि थिएँ । मसँगेका सवै साथीहरु गाई गोठालोजान्थे । मलाई पनि घाँस, दाउरा र गोठालो जानु रमाइलो लाग्थ्यो अनि स्कुल जान छोडी साथीहरुसँग गोठालो र घाँस जान थालें । पढेर के हुन्छ र? भने लाग्यो, अनि पढ्न छोडें, अहिले आएर पछुताउनु परेको छ ।” गुनासो गर्नु भयो ।

माथिको तथ्य विश्लेषणबाट के थाहा हुन्छ भने चेतना महिला शिक्षाको निमित्त एक महत्वपूर्ण जिम्मेवार कारण तत्व हो । यसको कारणले विद्यालय उमेरका महिला विद्यालयमा सहभागि हुन नसके पनि बुझ्ने भए पछि शैक्षिक सहभागिता जनाएको देखिएको छ । त्यसै सरकारले चलाएको साक्षरता कार्यक्रमले पनि प्रौढ महिलाहरुमा पढ्नु पर्ने चेतना विकास भएको पाइन्छ । महिलाहरु आफ्नो काम सकेर प्रौढ शिक्षामा सहभागि भएको बताउँछन् । जसका कारण उनीहरु निरक्षर हुन नपरेको बताउँछन् । वास्तवमा चेतनाले महिलाको शिक्षामा हुने सुरु सहभागिता र निरन्तरताको निमित्त महत्वपूर्ण योगदान दिन सक्दछ ।

## ४.८ विवाह

विवाह महिला शिक्षालाई प्रभावित पार्ने अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यहाँको समाजमा अझै पनि शिक्षालाई महिलाको विवाहको निमित्त आवश्यक योग्यताको आधारको रुपमा लिने गरेको पाईन्छ । यस समाजमा विवाह पश्चात महिलाको पढाईलाई महत्व नदिइने भएको कारणले गर्दा पनि विवाह महिलाको शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । समग्रमा भन्नु भन्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागीता नै प्रभाव पर्ने गरेको भए पनि वर्तमानमा यसले महिला शिक्षाको निरन्तरतामा ठूलो असर पुऱ्याएको छ ।

महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्वहरु के के हुन् ? भन्ने प्रश्नको जवाफमा उनीहरुले विवाह नै प्रमुख कारण मानेका छन् । यहाँ प्राय जसो मागि विवाह गर्ने चलन देखिन्छ । तर कोही कोहीले प्रेम (भागी) विवाह पनि गरेको देखिन्छ । उत्तरदाताहरु मध्ये ५ जना विवाहित महिलाले विवाह पूर्व आफुहरुले अध्ययन गरिरहेको र विवाह पश्चात आफ्नो अध्ययन पूरा गर्न नसकेको धारणा राखेका छन् ।

हाम्रो समाजमा केही वर्ष पहिले महिलाहरुको विवाह सानो उमेरमा गरिने भए पनि अहिले सानैमा विवाह गर्ने पक्षमा भने रहेका छैनन् । हुन त शिक्षीत महिलाहरुको तुलनामा कम शिक्षित वा अशिक्षित महिलाहरु केही चाँडो उमेरमा विवाह गर्नुपर्ने धारणा राख्दछन् । तर प्राप्त तथ्यांकका आधारमा १६ वर्ष भन्दा कम उमेरमा विवाह गर्नुपर्ने अपेक्षा भने कसैको रहेको छैन । अत्तरदाताहरु मध्ये प्रायले विवाह गर्ने उमेर १८ देखि २५ वर्षलाई मानेका छन् ।

## ४.९ महिला शिक्षाप्रति समाजको धारणा

लैङ्गिक विभेदको कारण हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको परिवेशमा शिक्षा पनि त्यसमा अपवाद हुन सक्दैन । एकत महिला शिक्षा प्रतिको नकारात्मक सोचाईले गर्दा उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ भने अर्को तर्फ शिक्षा बाहेकको अन्य क्षेत्रमा गरिएको लैङ्गिक विभेदले महिला शिक्षामा समेत प्रत्यक्ष असर पारेको छ । यहाँ घरभित्रका कामहरु महिलाले मात्र गर्नुपर्छ, छोरीलाई पढाउनु हुँदैन र रजस्वला नहुँदै विवाह गरे धर्म हुन्छ र बुहारीले उपेक्षीत जीवन विताउनु पर्छ भन्ने जस्ता लैङ्गिक विभेदले महिलाको शिक्षामा नराम्रो प्रभाव पारेको देखिन्छ । छोरीलाई घरायसी तथा असजिलो काममा लगाउने र घरमा पढ्ने समय नदिने प्रवृत्ति देखिन्छ । एक जना उत्तरदाता मेनुका विश्वकर्मासँग लिएको अन्तवार्तामा उनले यसो भनेकी थिइन, "म ५० वर्षकी भएँ । १६ वर्षको उमेरमा मेरो विवाह भयो । अहिले २ छोरा ३ छोरी छन् । घर नजिकै स्कुल भएपनि छोरीलाई पढाएर के हुन्छ र ? छोराले त पछि पाल्छ भन्ने समाजको सोचाईले गर्दा मैले स्कुल जानुको साटो घरको काममा लाग्नु पर्थ्यो । सानैदेखि घास दाउरा र गाई बाख्रा चराउन" हिड्नु परेको अनि पढ्न नपाएको पीडा उनको छ ।

त्यस्तै अर्को एक जना उत्तरदातासँग लिएको अन्तवार्ता यस्तो छ, "मेरो नाम धनमाया प्रधान हो । म ४२ बर्षको भए । १७ वर्षको उमेरमा मेरो विवाह भयो । अहिले मेरो ३ जना छोरा र २ जना छोरी हरु छन् । ६/७ वर्षको उमेरमा पढ्न नजिकैको स्कुलमा १ कक्षामा भर्ना भएको तर २ कक्षा पढ्दा पढ्दै छोरीलाई पढाएर के गर्नु पछि आफुसुखी गर्छन् भनेर पढ्न छुटाएर घरको काम गर्न लगाए । सानै उमेरमा विवाह गरेर पठाए पछि अहिले घरको काम र खेतीपातीमा व्यस्त छु । १ कक्षाको पढाइले क ख लेख्न पनि नजानेर अहिले गाउँमै प्रौढ शिक्षा पढेपछि अहिले नाम लेख्न र सही गर्न सक्ने भएकी छु । छोरी भएको कारणले पढ्न नपाएकी मैले अहिले मैले छोराहरु सरह छोरी २ वटै छारीलाई आफूले दु:ख गरेर भए पनि स्कुलमा पढाएकी छु ।"

माथिको तथ्य विश्लेषणबाट केथाहा हुन्छ भने समाजमा महिला शिक्षा प्रतिको धारणा एक महत्वपूर्ण जिम्मेवार कारण तत्व हो । केही समय पहिला समाजमा महिला शिक्षा प्रति देखिएको नकरात्मक धारणामा हाल परिवर्तन आएको छ । जसका कारण निरक्षर बाबु आमाले पनि अहिले आफ्ना छोरा र छोरीलाई समान रुपमा पढाएको देखिन्छ ।

## ४.१० भौगोलिक आधार

विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको शिक्षालाई भौगोलिक विकटताले नराम्रो प्रभाव पारेको छ । शान्तिपुर गा.वि.स. को तल्लो पाटो झापाको सँग जोडिए पनि माथिल्लो पाटो अलि विकट भएको कारणले त्यहाँका बासिन्दाले पढ्न धेरै टाढासम्म जानु परेको दुखेसो पोखेका थिए । त्यसमा पनि महिला प्रतिको पूर्वाग्रही धारणा रहेको यहाँको समाज महिला शिक्षामा यसको प्रभाव अझ वढि देख्न सकिन्छ । भौगोलिक विकटताले गर्दा अध्ययन गर्न चाहँदा चाहँदै पनि अध्ययन संस्थाको दुरता र जाने आउने समस्याले गर्दा शिक्षामा ठूलै असर गरेको छ । जसको असर पुरुषको तुलनामा महिला शिक्षामा नै बढि देखिन्छ । विद्यालयमा सहभागी हुनुपर्ने निर्धारित उमेरमा विद्यालय जान नसक्ने र सक्ने भए पनि छिट्टै विवाह गरिदिने परिपाटिले एकातिर महिला शिक्षालाई नकारात्मक प्रभाव पारेको छ भने अर्का तर्फ जवान महीलालाई टाढा पठाउँदा असुरक्षित ठानिने र समाजले समेत नपचाउने हुँदा पनि महिलाहरु शैक्षिक क्षेत्रमा पछाडी परेका देखिन्छन् । ग्रामिण समुदायमा विद्यालयहरु नभएकोले गर्दा प्राय ४० वर्ष भन्दा माथि उमेरका पुरुष र महिलाहरु शिक्षाको ज्योतीबाट वन्चित रहेका छन् त्यसमा पनि महिलाको संख्या नै वढि छ । ३५ वर्ष माथिका उत्तरदाताहरु मध्ये एक जना सुवि ल्वागुनले गाउँको विद्यालयमा पढेको र त्यसपछि माथिल्लो पढाइको लागि इलाम बजार जानुपर्ने भएको तर घरबाट नपठाएकोले पढ्न छोडेको वताएकी छन् ।

# अध्याय - पाँच

## सारांश र निस्कर्ष

अनुसन्धानको निमित्त चयन गरिएको यस 'शान्तिपुर गा.वि.स.का महिलाहरुको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्ययन' नामक बिषयमा गरिएको गहन अध्ययन, अन्तवार्ता तथा विभिन्न तथ्यांक संकलन र व्याख्या विश्लेषणबाट प्राप्त हुन आएका तथ्यहरुको सारांश र निस्कर्ष दिने प्रयास यस अध्यायमा गरिएको छ ।

### ५.१ सारांश

शिक्षित जनशक्ति नै राष्ट्रका अमुल्य सम्पदा र प्रगतिका सम्बाहक हुन् भने शिक्षा सामाजिक परिवर्तन, समाजका मान्यताहरुको संरक्षण र सुधारको बाहक हो । शिक्षामा लैङ्गिक समानुपातिक वितरण हुन नसक्दा समाजले अपेक्षित प्रगतिको फड्को मार्न सकेको छैन । मुलुकको आधाभन्दा वढी जनसंख्या ओगटेर वसेका महिलाहरुको शैक्षिक अवस्थामा दिनानुदिन सुधार आइरहे पनि वास्तवमा उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ भने पुरुष र महिलाको शैक्षिक दुरी समेत फराकिलो छ । यसको मुल कारण महिला वर्गलाई शैक्षिक नीति तर्जुमामा सहभागि नगरिनु नै हो ।

महिला शिक्षासँग सम्बन्धित विविध पक्षको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अनुसन्धानमा अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था बुझ्ने र समाजमा विद्यमान महिलाहरुको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नु यसको मुख्य उद्देश्य रहेको छ ।

इलाम जिल्लाको शान्तिपुर गा.वि.स. मा ९ वटा वडाहरु रहेको छन् । यस अध्ययनमा उक्त गा.वि.स. का वडा नं ३, ४ र ७ मा केन्द्रित रहेको छ । यी गाउँका सबै घर परिवारलाई समेट्न नसकिने भएकोले उद्देश्यमूलक नमुना छनौट विधि अन्तर्गत ६० घर परिवारलाई नमुनाको रुपमा छनौट गरिएको छ । यस अध्ययनका लागि उत्तरदातामा १५ देखि ६० वर्ष उमेर सम्मका महिलाहरु छन् ।

चेतनाको कमि, कार्यबोझ, आर्थिक अवस्था, विवाह, पारिवारिक पृष्ठभुमि, समाजको धारणा र भौगोलिक अवस्था आदि तत्वहरुले महिला शिक्षालाई प्रभावित पारेको देखिन्छ । अभिभावकको चेतनाको कमि महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख तत्व मध्ये एक हो ।

चेतनाको कमिको कारण यहाँका अभिभावकहरुले आफ्नो परिवारका महिलाहरुलाई पढ्नका लागि प्रेरित गर्न सकेका छैनन् । छोराको लागि आर्थिक लगानी बढी र प्रतिभाशाली व्यक्ति वनाउने र छोरीका लागि सामान्य शिक्षा भए पुग्छ भन्ने धारणा रहेको देखिन्छ ।

यस समाजमा महिलाहरु घर भित्र र बाहिरको दुवै काम गर्नुपर्ने बाध्यताले गर्दा कार्यबोध बढी भई अध्ययनमा समय दिन सक्दैनन् र सहभागि भइहाले पनि निरन्तरता दिन सकेका छैनन् । पढ्न पाउनु पर्छ भन्ने धारणा राख्ने महिलाहरु पनि स्वयं विवाहका कारण पढ्न छोडेका छन् । विगतका तुलनामा यस क्षेत्रका महिलाहरुको माथिका तहमा बढ्दो पँहुच रहेको छ ।

कमजोर आर्थिक अवस्थाको कारणले गर्दा महिलाहरु पढ्ने इच्छा हुँदाहुँदै पनि अध्ययनमा निरन्तरता दिन सकेका छैनन् । मुख्य पेशा कृषि भएको र त्यसले मात्र जिविका धान्न गाह्रो भएको अवस्थामा महिला शिक्षामा यसले प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

त्यस्तै विवाह महिला शिक्षालाई प्रभावित गर्ने अर्को महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यहाँको समाजमा शिक्षालाई केवल विवाहको निमित्त आवश्यक योग्यताको आधारमा समेत लिने गरेको पाइन्छ । बुहारीले पढ्न नहुने मान्यता रहेको यस समाजमा विवाहित महिलाको पढाइलाई महत्व नदिइने भएको कारणले गर्दा पनि विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । समग्रमा भन्नु पर्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागीता नै प्रभाव पार्ने गरेको भए पनि बर्तमानमा यसले महिला शिक्षाको निरन्तरतामा ठूलो असर पुर्‍याको छ ।

## ५.२ निष्कर्ष

यहाँको मानिसहरुको मुख्य पेशा कृषि भए तापनि आधा भन्दा बढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुग्दैन । यहाँ महिलाहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनितिक लगायतका क्षेत्रमा कमजोर अवस्था रहेको छ । यहाँका अधिकांश महिलाहरुको निजी आम्दानीको श्रोत छैन भने निजी आम्दानीको श्रोत हुनेहरुका पनि सम्पत्ति माथिको नियन्त्रण रहन सकेको छैन ।

यहाँको समग्र शैक्षिक अवस्था र लैगिंक समानता सन्तोषजनक रहेको छैन । यहाँको समाजमा बुहारीको शिक्षालाई महत्व नदिने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भए तापनि

विवाह पश्चात वीचैमा अध्ययन छोड्न महिलाहरु बाध्य छन् । यहाँका प्राय अविवाहित महिलाहरु औपचारीक शिक्षामा सामेल छन् भने विवाहित निरक्षरहरु मात्र अनौपचारिक शिक्षामा सामेल देखिन्छन् । अनौपचारिक शिक्षा कार्यक्रम पनि प्रभावकारी हुन नसक्दा थुप्रै महिलाहरु साक्षर हुनबाट बन्चित देखिन्छन् लैङ्गिक समानतामा पुर्वाग्रही यस समाजमा महिला शिक्षामा हुने सुरु सहभागिता देखि निश्चित तह पुरा नहुन्जेल सम्मका कुराहरुलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । जसले गर्दा महिलाको शैक्षिक अवस्थामा अपेक्षा गरे अनुरुप सुधार हुन सकेको छैन । त्यसैले अनुसन्धानबाट पत्ता लागेका महिला शिक्षामा प्रभावित गर्ने कारक तत्वहरुमा सानो उमेर देखिनै घरायसी काममा संलग्न गराइनुले कार्यबोझ बढी भई अध्ययनलाई उचित समय दिन नसक्नु, आर्थिक अवस्था कमजोर हुनु र चाँडो उमेरमा विवाह गर्नु, चाँडो बच्चा जन्माउनु, महिला शिक्षाको निमित्त प्रभावकारी सेवा र सुविधाको अभाव, शैक्षिक सामाग्रीको कमी, सवै विद्यालयहरुमा महिला र शिक्षिकाको कमी हुनु आदी हुन् ।

समग्रमा यस क्षेत्रका महिलाहरुमा पुरानो पुस्ताका महिलाहरुको सोचमा खासै परिवर्तन नदेखिए तापनि नयाँ पुस्ताका महिलाहरुले भने शिक्षाको महत्व बुझेका र सबैका लागि शिक्षा अनिवार्य छ भन्ने भएता पनि महिलाको शैक्षिक स्तर कमजोर नै देखिन्छ । यस्तो समस्यालाई समाधान गर्नका लागि पारिवारिक रुपमा आन्तरिक सचेतना हुनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री

आचार्य, बलराम (२०७०), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौंः नेशनल बुक सेन्टर ।

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

अधिकारी, नारायण प्रसाद (२०६७), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौंः सनलाईट पब्लिकेशन ।

*अनौपचारिक शिक्षा नीति* (२०६३) सानोठिमीः अनौपचारिक शिक्षा केन्द्र ।

कोईराला, विद्यानाथ तथा अन्य (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार.* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव तथा अन्य (२०६९), *अनौपचारिक शिक्षा. सिद्धान्त र अभ्यास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौंः सनलाईट पब्लिकेशन ।

दशौ योजना (२०५९-२०६४) र त्रिवर्षीय अन्तरिम योजना (२०६७-२०६९), राष्ट्रिय योजना आयोग ।

पन्त, मुना (२०७०) *फुजेल गा.वि.स. का महिलाहरुको शैक्षिक अवस्था : एक समाजशास्त्रीय अध्यनय,* अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, त्रि.वि.मा प्रस्तुत

*नेपालकोसंविधान* (२०७२) काठमाडौं : कानुन किताब खाना ।

शिक्षा मन्त्रालय/अनौपचारिक शिक्षा केन्द्र, (२०५७), *साक्षरता समाचार विशेषांक* , भक्तपुर : शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय ।

श्रेष्ठ, केशवकुमार, चौलागाई तिलक प्रसाद, सापकोटा केशवराज (२०६६), *लैङ्गिक अध्ययन* , कीर्तिपुर : एकेडेमिक बुक सेन्टर ।

पाण्डे, रामप्रसाद (२०६५), *अनौपचारिक शिक्षा र आयआर्जन विच सह-सम्वन्धः साक्षरता विशेषाङ्क,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

राजभण्डारी, रेणु (२०५५), पारिवारीक हिंसा र महिला स्वास्थ्य, *सयपत्री,* वर्ष २ अंक ९ पौष, पृ. १२ - २३ ।

राष्ट्रिय महिला आयोग, *न्यायका लागि आवाज,* २०५९, काठमाडौं ।

CBS (2012). *National Population and Housing Census 2011*, Kathmandu: GoN, Central Bureau of Statistics.

Durkheim, E. (1925). *Moral Education: A Study in the Theory and Application of the Sociology of Education*. (E. K. Wilson & H. Schnurer, Trans.). New York: The Free Press.

Ghimire, Durga: (1977). *Women and Development Center for Economic Development and Adminstration*, T.U., Kathmandu.

Haralambos, Michel (2011). *Sociology, Themes and Perspectives*, Delhi: Oxford Unviersity.

Parsons, T. (1983). *The Structure and Change of the Social Sustem.* London: Routledge.

Spencer, H. (1949*). Education: Intellectual, Moral and Physical*. New York: Hurst.

UNDP (2006). *Nepal Human Developmetn Report*. Kathmandu: Jagadamba Press.

## परिशिष्ट क

## महिलाहरुको शैक्षिक स्थिती सम्बन्धि अन्तर्वार्ता तथा तथ्याङ्क संकलन प्रश्नावली :

### १. उत्तरदाताको सामान्य परिचय :

१.१ नाम : ठेगाना :

उमेर : लिङ्ग :

शिक्षा : पेशा :

वैवाहिक स्थिति :

१.२ तपाइँको परिवारको किसिम :

क) एकल ( ) ख) संयुक्त ( )

१.३ परिवारका सदस्यहरुको विस्तृत विवरण :

| क.सं. | नाम | उत्तरदातासंगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिती | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |

### २. शैक्षिक पक्ष :

२.१ तपाई(लाई) पढ्न र लेख्न जान्नु हुन्छ ?

क) जानेको छु ( ) ख) जानेको छैन ( )

२.२ यदि तपाइले पढ्नु भएको छ भने कुन शिक्षा पढ्नु भयो ?

क) औपचारिक ( ) ख) अनौपचारिक ( )

२.३ अनौपचारिक शिक्षा पढ्नु भयो भने शिक्षा कहाँबाट पाउनुभयो ?

क) प्रौढ शिक्षा कार्यक्रम ( ) ख) परिवारका सदस्यबाट ( )

ग) नातेदारबाट ( ) घ) अन्य ( )

२.४ तपाइले औपचारिक शिक्षा पढ्नु भयो भने कुन तह सम्म पढ्नु भएको छ ?

क) प्राथमिक ( ) ख) निम्न माध्यमिक ( )

ग) माध्यमिक ( ) घ) उच्च माध्यमिक ( )

ङ) स्नातक ( ) च) स्नातकोत्तर ( )

२.५ अहिले तपाई स्कुल वा कलेज पढ्न जानु हुन्छ कि हुन्न ?

क) जान्छु ( ) ख) जान्न ( )

२.६ तपाइले पढाई छोड्नु को कारण के-के हुन् ?

क) विवाह भएर ( ) ख) परिवारले नपढाएर ( )

ग) आर्थिक अवस्था कमजोर भएर ( ) घ) घरको कामले नभ्याएर ( )

ङ) अन्य ( )

२.६ तपाई अहिले स्कुल वा कलेज पढ्न जानु हुन्छ भने कुन स्कुल वा कलेज जानुहन्छ ?

क) सरकारी ( ) ख) बोर्डिङ्ग ( )

**३. आर्थिक पक्ष :**

३.१ तपाईको परिवारको मुख्य पेशा के हो ?

क) कृषि ( ) ख) व्यापार ( ) ग) नोकरी ( ) घ) मजदुरी ( )

ङ) अन्य ( )

३.२ तपाईको परिवारको आम्दानीको श्रोत के हो ?

क) कृषि (  )  ख) व्यापार (  )

ग) नोकरी (  )  घ) मजदुरी (  )

ङ) अन्य (  )

३.३ तपाइको परिवारको जग्गा जमिन कति छ ? कसको स्वामित्वमा छ ? ...... रोपनी

क) महिला (  )  ख) पुरुष (  )

३.४ तपाइको आफ्नो आम्दानीको श्रोत छ कि छैन ?

क) छ (  )  ख) छैन (  )

३.४ तपाइको आम्दानीको श्रोत के हो ?

...........................................

**४. सामाजिक पक्ष :**

४.१ तपाई विवाहित हो कि अविवाहित ?

क) विवाहित (  )  ख) अविवाहित (  )

४.२ यदि तपाई विवाहित भए कुन प्रकारको विवाह हो ?

क) मागि (  )  ख) प्रेम (  )

ग) अन्य (  )

४.३ कुन उमेरलाई तपाई विवाहको सहि उमेर मान्नु हुन्छ ?

............ बर्ष

४.४ महिलाले शिक्षा पाउनु पर्छ भन्नेमा तपाईको धारणा के छ ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

४.५ समाजमा महिलाका लागि मात्र शिक्षा सम्बन्धि चेतनामुलक कार्यक्रम भएका छन् कि छैनन् ?

क) छ (   )                                        ख) छैन (   )

**५. महिलाहरुको शिक्षा आर्जनमा बाधा पार्ने तत्वहरु तपाइँको विचारमा  के-के हुन सक्दछन** ?

१. .................................................................................................

२...................................................................................................

३...................................................................................................

४...................................................................................................

५...................................................................................................

**६. महिला शिक्षाको बारेमा तपाइको सोच विचार के छ** ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................